राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४५, असार ५ गते शुक्रबार, २०८३ (19 June, 2026) | www.janajibro.com | मूल्य रु. १०।-


# परराष्ट्रमन्त्रीको चीन भ्रमण : संशय कायमै

## द्विदेशीय समकक्षीबीच भेटवार्ता, 'भ्रमण फलदायी' : परराष्ट्रमन्त्री

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** उत्तरी छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको चारदिने औपचारिक भ्रमण सम्पन्न गरेर परराष्ट्रमन्त्री शिशिर खनाल बुधबार स्वदेश फर्किएका छन् ।

मन्त्री खनालले आफ्नो स्वदेश फिर्तीसँगै यो भ्रमण द्विपक्षीय सम्बन्ध विस्तारमा फलदायी भएको दावी गरे तापनि भदौ २३-२४, २०८२ मा भएको नेपालको आतङ्कवादी हर्कत र त्यसयताका राजनीतिक घटनाक्रमद्वारा सिर्जित परिवेशप्रति चीनमा पैदा भएको संशय यथावतै रहेका तथ्यहरू अनेकौं कूटनीतिक सङ्केत तथा चिनिया अधिकारीहरूका अभिव्यक्तिले पुष्टि गरिरहेकै छन् । चिनिया विदेशमामिला



मन्त्री एवम् चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका राजनीतिक ब्युरो सदस्य वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा आइतबार बेइजिङ पुगेका परराष्ट्रमन्त्री खनाल र चिनिया समकक्षी वाङबीच सोमबार द्विपक्षीय भेटवार्ता भएको मन्त्रालयद्वारा जनाइएको छ। भेटवार्ताको अवसरमा दुवै देशका प्रतिनिधिमण्डलबीच नेपाल-चीन द्विपक्षीय सम्बन्धका सबै पक्षहरूमा गहन एवं उपलब्धि-मूलक छलफल भएको परराष्ट्रले जारी गरेको भ्रमणसम्बन्धी प्रेस विज्ञप्तिमा उल्लेख छ । 'आपसी मित्रता, सद्भावना र सहयोगमा आधारित नेपाल-चीन सम्बन्धलाई थप सुदृढ तुल्याउने विषयमा दुवै पक्षबीच एकमत रह्यो । नेपालको तर्फबाट एक चीन नीतिप्रति रहिआएको सरकारको प्रतिबद्धता दोहो‍र्‍याउँदै नेपालको भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिइने स्पष्ट पारिएको छ,' विज्ञप्तिमा उल्लेख छ- 'चिनियाँ पक्षबाट नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति रहिआएको सरकारको दृढ समर्थन दोहो‍र्‍याउँदै सुशासन तथा आर्थिक विकासका क्षेत्रमा नेपाल सरकारले निर्दिष्ट गरेका प्राथमिकताउपर पूर्ण समर्थन रहने विश्वास व्यक्त गरिएको

क्रमशः अन्तिम पृष्ठमा

**कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं**

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीऊ मल तथा सिँचाईको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यावसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

खाद्यान्नको उत्पादन, वितरण,
पहुँच र दिगोपना सुनिश्चित गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपालमा भूमिसुधार: अपर्याप्त प्रयास, न्यून परिणाम

**विषय प्रवेश**

भूमिसुधारको एजेन्डा सधैंभरि नेपाली राजनीतिको केन्द्रमा रहने गरेको छ । हालका प्रमुख राजनीतिक दलहरूको निर्माणकालदेखि हालसम्म पनि भूमिसुधार उनीहरूको कार्यसूचीबाट हटेको छैन । स्वाभाविक हो यो एजेन्डा अधिकांश नेपालीको मुख्य मुद्दा वा चासोको विषय पनि हो, तसर्थ अधिकांश जनताको समर्थन कायम गर्नका लागि पनि भूमिसुधारको मुद्दा राजनीतिक मुद्दा बनेर रहने गरेको छ । विकास वा समृद्धिको एजेन्डा बनेर रहने गरेको छ । तर ती दलहरु जो हिजो भूमिसुधारको मुद्दालाई जोडतोडका साथ उठाउँथे तिनै दलहरु पछिल्लो तीन दशक पटकपटक र पालैपालो सत्तामा पुगेका छन् । संविधान, नीति, कानुन बनाउने र कार्यान्वयन गर्ने स्थानमा पुगेका छन् । तर भूमिसुधारको मुद्दा आज पनि प्रमुख मुद्दाकै रूपमा रहिरहेकै छ ।

**समय सन्देश**
सुरेश ढकाल

किन यस्तो हुन्छ वा भैरहेको छ ? यो जटिल प्रश्न हो । यसको सरल जवाफ शायद नहोला । तर मुद्दा स्थापित गर्ने सवालमा सफल तर तिनको समाधानमा असफल भएका अन्य थुप्रै क्षेत्रमध्ये भूमिसुधारको सवाल पनि एक हो । सामान्यतया समस्याको जटिलता र बहुआयामिकतालाई राम्रोसँग बुझ्न नसक्दा समाधानका उपायहरु पहिल्याउने कुरामा चुक्दछन् दलहरु । राजनीतिक दलहरु जनरञ्जन वा लोक रिझ्याइँमा अभ्यस्त त भएका छन् तर जिम्मेवारी पाउँदा तिनको ब्यवस्थापन कसरी गर्ने भन्ने सवालमा कमजोर देखापरेका छन् । त्योभन्दा पनि महत्त्वपूर्ण कुरा त के हो भने भूमिसुधार राजनीतिक

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ४५, असार ५ गते शुक्रबार, २०८३

## सम्पादकीय

# कूटनीतिक संवेदनशीलतालाई ध्यान देऊ, सम्बन्ध सन्तुलित राख

नेपालका परराष्ट्रमन्त्री शिशिर खनाल केहीअघि मात्रै सम्पन्न भारतको औपचारिक भ्रमणलगत्तै चीनको औपचारिक भ्रमण सकेर स्वदेश फर्किएका छन् । दक्षिणी छिमेकी मित्रराष्ट्रको भ्रमणलगत्तै उत्तरी छिमेकी मित्रराष्ट्रको भ्रमण गर्नु बाहिरी नजरमा र सामान्यतया सही नै हो ।

सतहमा हेर्दा परराष्ट्रमन्त्री खनालका यी दुई भ्रमण स्वाभाविक, सामान्य र सही देखिए तापनि अन्तर्निहीत परिवेश र नेपालको वर्तमान भूराजनीतिक सन्दर्भका कारण वस्तुतः यी गम्भीर छन् । 'घनिष्ठ मित्र नै भए तापनि परको मित्रभन्दा नजिकको छिमेकीसँगको सम्बन्ध बढ्ता लाभदायी हुन्छ' भनेर चिनिया पक्षबाट दिइएको अभिव्यक्ति सतही रूपमा सामान्य जस्तो लागे तापनि यथार्थतः कूटनीतिक दृष्टिकोणबाट त्यो चीनको निकै गम्भीर भनाइ हो । सरोकारवाला पक्षहरूले यसप्रति विशेष ध्यान दिनु र तदनुरूपकै नीति निर्धारण गर्नु जरुरी छ ।

त्यसैगरी, अमेरिका र भारतले कुनै पनि हालतमा नेपालमा लागू हुनै नदिने भरमग्दुर प्रयास गरिरहेको तर चीनले भने जसरी पनि लागू गराएरै छाड्न मरिमेटेको 'बेल्ट एण्ड रोड इनिसियटिभ' अर्थात् बीआरआई परियोजना जोसुकैको सरकार हुँदा पनि नेपालका लागि घाँटीमा अड्केको तातो पिँडालु सरह नै भएको छ । यो मामिलामा निकै सुझबुझपूर्ण व्यवहार अपेक्षित छ । यी र यस्ता अनेकौं/सबै मामिलामा सुझबुझपूर्ण व्यवहार गर । सन्तुलित, सम्मानजनक एवम् न्यायपूर्ण कूटनीतिक सम्बन्ध स्थापित गरेर सम्भावित अनिष्टबाट मुलुकलाई जोगाऊ ।

# नेपालमा भूमिसुधार...

मुद्दा हो र राजनीतिक मुद्दामा वर्गीय पक्षधरता र वर्गीय स्वार्थको महत्त्वपूर्ण भूमिका रहन्छ । के अहिले भूमिसुधार आवश्यक पर्ने वर्ग र भूमिसुधार लागू गर्ने स्थानमा पुगेको वर्गबीचको वर्गस्वार्थ फरक परेको हो त ? यो प्रश्नको सहज जवाफ छैन नै तर जवाफ नहुँदैमा प्रश्नको सान्दर्भिकता समाप्त हुँदैन । यो र यस्ता प्रश्नहरूले बृहत्तर बहसको माग गर्दछन् ।

### भूमिसुधार आयोग, प्रतिवेदन र सरकार

इतिहासको विहंगम समीक्षा पनि आवश्यक छ राजनीतिक दल, राज्य र भूमिसुधारका सवालमा । तर निकट विगतलाई मात्र पनि स्मरण गर्ने हो भने पनि केही आधार मिल्ने छ त्यस्तो समीक्षाको लागि । ४० बुँदे मागसहित सशस्त्र जनयुद्धमा होमिएको माओवादीको २७ औं बुँदामा 'खेत जोत्ने मोही किसानको हुनुपर्ने र सामन्ती भू-व्यवस्थाको नियन्त्रणमा रहेको जग्गा खोसिने र भूमिहिन र सुकुम्वासीहरूलाई बाँड्नु पर्छ' भनिएको थियो । संयोग, त्यसको करिव डेढ दशक पछि सोही जनयुद्धका सर्वोच्च कमाण्डरकै नेतृत्वमा सरकार थियो र अर्का केन्द्रीय नेता हरिबोल गजुरेलको संयोजकत्वमा वैज्ञानिक भूमिसुधार गर्न उच्चस्तरीय भूमिसुधार आयोग गठन भयो, वि.सं. २०६५, मसिर २५ मा । तर भूमिसुधारका पक्षमा कुनै फलदायी प्रयत्न हुन सकेन केवल 'सबै अबसर किसान र कृषि विकासका लागि, वैज्ञानिक भूमिसुधार नयाँ नेपालका लागि' भन्ने नारा तय गरेर अन्त्य भयो उक्त आयोगको ।

बिडम्वना, उक्त गजुरेल आयोगको अन्त्य (२०६६ असोज १३) हुने वित्तिकै उक्त आयोगको प्रतिवेदन समेत नआइसकेको अवस्थामा (२०६६ असोज २१) अर्को आयोग गठन गरियो (वा पुरानोको पुनर्गठन गरियो) घनेन्द्र बस्नेतको नेतृत्वमा । उक्त आयोगले पनि नेपालको संविधानमा समावेश गर्नका लागि भूमिसम्बन्धी केही प्रस्ताव पेश गर्ने बाहेक उल्लेख्य रूपमा परिणाममुखी हुन सकेन ।

यी दुई आयोग भन्दा पहिला ( विस २०५१) केशव बडालको संयोजकत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन गरिएको थियो । पछिल्ला दुई भन्दा पनि धेरै नै चर्चामा रहेको र महत्त्वपूर्ण पनि ठानिएको उक्त बडाल आयोगले नेपालको भूमिसुधारका मुख्य समस्यालाई पहिचान गरेको र तिनका समाधानका लागि व्यवहारिक उपायहरु सुझाएको भनिए तापनि ती सुझावहरु लागू हुन सकेनन् ।

त्यसबीचमा अरू केही भूमिसम्बन्धि आयोगहरु नबनेका होइनन् तर यो सन्दर्भ यहाँ उल्लेख गर्नुको कारण के हो भने ति तीनवटै उच्चस्तरीय आयोग कम्युनिष्ट पार्टीका सरकारले गठन गरेको थियो कम्युनिष्ट पार्टीकै नेताहरुको संयोजकत्वमा । र यि तिनै आयोगका प्रतिवेदनहरुले न नेपालको भूमि समस्याका खास कारण र जटिलता पहिल्याउन सके न भूमिसमस्या समाधानका लागि कुनै नवीन वा इन्नोभेटिभ सुझाव वा उपायहरु नै पनि पहिल्याउन सके । यद्यपि समय र राजनीतिक सन्दर्भमा हेर्दा बडाल आयोग पछिल्ला दुई गजुरेल र बस्नेत आयोग भन्दा प्रगतिशिल देखिन्छ ।

नेपालको गणतन्त्रसम्मको पछिल्लो यात्रामा पनि भूमि मुद्दा कहिले ओफेलमा पर्न परेन । जसरी माओवादी सशस्त्र जनयुद्धमा भूमिसुधार प्रमुख मुद्दा थियो त्यसैगरी तत्कालिन युद्धरत माओवादी र नेपाल सरकारको बीचमा भएको विस्तृत शान्ति सम्फौता (२०६३) पनि भूमिसुधारको एजेन्डालाई महत्त्वकासाथ उल्लेख गरिएको थियो । उक्त शान्ति सम्फौतामा भनिएको थियो कि, 'सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने...भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछ ।'

उक्त सहमति सोही वर्षको अन्तरिम संविधान उल्लेख गरियो कि, 'सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्वन ...भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखि बैज्ञानिक भूमिसुधार गर्ने...।'

यसरी भूमिसुधारको मुद्दालाई राजनीतिक आन्दोलन र परिवर्तनको केन्द्रमा राख्ने कम्युनिष्टहरुको सरकारहरुले पनि आशातित पहल समेत नगर्नाले कि ति दलहरु समस्याको प्रकृति र जटिलता पहिल्याउन असक्षम भए वा भूमिसुधारतर्फ कुनै जाँगर नै चलाएनन् वा प्रतिवद्ध देखिएनन् भन्नु पर्ने हुन्छ । यद्यपि ति आयोगका उपादेयता थिएनन् वा तिनका सुझावहरु गलत थिए भन्ने निस्कर्ष निकालियो भने त्यो गलत हुनेछ । ती आयोगहरु समस्या पहिचानका सवालमा गहिरिन चाहेनन्, तिनका सुझावमा नवीनता थिएन र तत्कालिन सरकारहरुले तिनै सुझावहरु पनि लागू गर्न उदासिनता देखाए भन्ने निस्कर्ष भने निकाल्न सकिन्छ । विस २०४६ सालतिर डा. बाबुराम भट्टराईले लेखेका थिए, 'नेपाली किसान सम्बन्धि ...एउटा वैज्ञानिक सिद्धान्तको कडीले जोडेर सामान्यीकरण गर्ने र नेपालमा किसान समस्या र त्यसको स्थायी समाधानको ठोस निष्कर्ष निकाल्ने कार्य पटक्कै हुन सकेको छैन' भन्ने निष्कर्ष नै आज पनि उत्तिकै सत्य रहिरहनु विडम्वना नै हो जबकि यस तीन दशकको अवधिमा अकल्पनीय भन्न सकिने राजनीतिक उथलपुथल र परिवर्तनहरु भएका छन् ।

वर्तमान सरकारको अवधिमा केही देखिने प्रयत्न भएका छन् । तिनका अन्तर्य र प्रभावकारिताका बारेमा पछि चर्चा गरिने छ ।

### नेपालमा भूमिसुधारको मुद्दा र प्रयासहरु

नेपालमा भूमिसुधारका मुद्दाका दुई प्रमुख तर अन्तरसम्बन्धित बाहकहरु छन्ः राजनीतिक दलहरु र एकीकृत वा छरिएका विभिन्न कालखण्डका किसान विद्रोहहरु । अर्थात् राजनीतिक रूपमा परिचालित किसान विद्रोहहरु ।

नेपाल कम्युनिष्ट पार्टीको शुरुवाती दस्तावेजः २००६ वैशाख १२ गते वितरीत पर्चा र २०११ आश्विन २९ गतेका दिन प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा नेपाली किसानलाई वर्ग सघर्षको लागि अनिवार्य राजनीतिक शक्तिको रूपमा प्रस्तुत गरिएको छ, जोताहालाई जमिनदेखि जमिन्दारी लगायत सबै प्रकारका सामन्तवादी शोषणको अन्त्य र किसानहरुको पूर्ण मुक्ति यसका मूल तत्त्वहरु थिए भनिएको छ । र सोही नारा कम्युनिष्ट पार्टीको विरासत धानिरहेका ठान्ने अनेक कम्युनिष्ट घटकहरुले आजक पर्यन्त पनि दोहोर्‍याई रहेकै छन् तर आजको सन्दर्भमा नेपाली किसान, तिनका समस्या र परिवर्तित राजनैनिक एजेन्डा कसरी गाँसिएका छन् भनेर प्रष्ट खुट्याउनु पर्ने भन्फट भने गरिरहेका छैनन् ।

नेपाली कांग्रेसले पनि शुरुमा नै घोषणा गरेको थियो कि '५ प्रतिशत सम्पन्न व्यक्तिका हातामा देशका अधिकांश भाग हुनु तथा बाँकी ९५ प्रतिशत व्यक्ति भूमिहिन रहनु अन्यायपूर्ण ठानी यसको घोर विरोध गर्दछ । यस अन्यायपूर्ण बन्दोवस्तको ठाउँमा भूमिको पुनःन्यायपूर्ण वितरण हुनुपर्दछ ...आजको भूमि-व्यवस्था नै नेपाली जनताको दरिद्रताको सर्वोपरी कारण हो' (नेपाली कांग्रेसको घोषणपत्र, २००६)।

ज्ञातव्य रहोस् ती दुई प्रमुख पार्टीको स्थापना राणाकालमा नै भएको थियो जतिबेला उर्वरभूमि केही सिमित परिवारको कब्जामा थिए र अधिकांश जनता भू-दासको अवस्थामा थिए । यसरी नेपालको जहाँनिया राणाशासन विरोधी र प्रजातन्त्र प्राप्तिको आन्दोलनहरुको परिप्रेक्ष्मा निर्माण भएका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीहरुको मूल राजनीतिक मुद्दा राणा शासनको अन्त्य पछि अगाडि सारिएको आर्थिक मुद्दा नेपालमा भूमिसुधार नै थियो ।

तत्कालीन अवस्थामा जनताको जनजिवीकाको मूलआधार र ध्येय कृषिमा आधारित श्रम नै थियो तर उत्पादनको श्रोत भूमिको स्वामित्व वितरण भने केही सिमित परिवारमा केन्द्रित थियो । केही सिमित परिवार शक्तिसम्पन्न र आम जनता भने आर्थिक र राजनीतिक शक्तिका हिसावमा विपन्न थिए ।

१०४ वर्ष लामो राणा शासनको अवधि (सन् १८४६–१९५०) मा कृषि योग्य भूमि राणाहरु, उनीहरूका केही आफन्तहरु, केही सैनिक जनरल र पुरोहितहरुको हातमा सिमित गराइयो । स्वाभाविक थियो उनीहरु नै राजनीतिक रूपले शक्तिशाली र आर्थिक रूपमा सम्पन्न थिए । १९५० को सम्फौताले नै नेपालमा प्रजातन्त्र सुनिश्चित गरायो भनिन्छ । उक्त सम्फौताका अनुसार संविधानसभाको चुनाव हुने भन्ने थियो । अधिकांश सिमान्त किसान र मोहीहरु नै मतदाताको अधिकतम हिस्सा भएका कारण त्यसबखत भूमिसुधार मूल राजनीतिक एजेन्डा बन्नु राजनीतिक रूपमा पनि स्वभाविक नै थियो । दलहरुलाई भूमिसुधारको मुद्दा चर्को स्वरमा उठाउनु नै थियो । उनीहरुको समर्थन प्राप्त गर्नका लागि पनि भूमिसुधारको मुद्दा अनिवार्य बाध्यता जस्तै थियो दलहरुलाई ।

निर्वाचन भने वि.सं. २०१५ मा मात्र सम्पन्न हुन सक्यो । जसमा नेपाली कांग्रेसले दुई तिहाई सहितको बहुमत हासिल गर्न सक्यो । विश्वेश्वरप्रसाद कोइराला पहिलो जन निर्वाचित प्रधानमन्त्री बन्न सफल भए । अपेक्षा अनुरूप नै उनले भूमिसुधारका प्रयास गरे जसमध्ये विर्ता उन्मुलन एक प्रमुख कदम मानिन्छ । तर विर्ता उन्मुलनले राज्यको करको दायरा त फराकिलो बनायो नै, सामन्तवादी भूमि व्यवस्था खिइदै गएको सन्देश पनि दियो तर यसले भूमिको पुनर्वितरण र शक्ति संरचनामा फेरबदल ल्याउने आधार तयार पार्न भने सकेन । केवल विर्ता जमिन रैकरमा परिणत भयो । जमिन उही केही परिवारको स्वामित्वमा नै सिमित भैरह्यो । धेरैले विर्तालाई निजी गुठीमा समेत परिणत गरेर सोको आयस्ता खाई नै रहे । यसो हुँदा विर्तावालहरूलाई कुनै कारणले राज्यद्वारा दिइएको बिर्ता फिर्ता हुने हो कि भन्ने डर पनि रहेन । तत्कालिन भूवितरणको आँकडा हेर्दा पनि यो तथ्य सहजरूपमा बुझ्न सकिन्छ । अर्थात् असमानता निरन्तर रहिरह्यो ।

भूमिसुधारको महत्त्वपूर्ण घटनाको रूपमा हेरिने २०२१ को तत्कालिन राजा महेन्द्रले गरेको भूमिसुधार घोषणा हो । उनले पनि द्वैध-स्वामित्वको अन्त्य र जमिनमा मोही किसानको हक स्थापित गर्ने कुरा गरेका थिए । तर प्रभावकारी कार्यान्वयनको अभाव र शासकको अनिच्छाका कारण त्यो पनि परिणाममुखी हुन सकेन । तर ठूलो सामन्ती भू-स्वामित्वलाई विखण्डन गर्न भने यो धेरै मात्रामा सफल रह्यो भन्न सकिन्छ । राजा महेन्द्र किन महत्त्वकासाथ भूमिसुधारको कार्यक्रम घोषण गरे ? उनका उद्देश्य वा बाध्यता के कस्ता थिए ? किन यो लागू हुन सकेन वा गरिएन ? यी थप छलपलका विषय हुन् ।

तत्कालीन अवस्थामा वामपन्थी दलहरूले राजनीतिक प्रतिकूलताका बाबजुद पनि मोही किसानका पक्षमा राजाको सरकारी भूमिसुधार लागू गराउन पहल गरेका भए भूमि वितरण र जोताहाको हक सुरक्षित गर्न धेरै सहयोग हुनसक्थ्यो । यो पनि अरू कुनै सन्दर्भमा छलफल गर्न सकिने र गर्नुपर्ने विषय हो ।

शुरुमा नै भनिए फैं बहुदलीय प्रजातन्त्र प्राप्ति पछिको तीन दशकको यो अवधिमा पनि उल्लेख्य केही हुन नसकेको देख्दा कतै दलहरु कि त भूमिसुधारको अवधारणा र खाकाको सम्बन्धमा स्पष्ट छैनन् अथवा उनीहरु आफ्नै एजेन्डाप्रति प्रतिबद्ध छैनन भन्नुपर्ने अवस्थामा पुग्नु दुःखद् अवश्य नै हो । वामपन्थीहरूलाई यो अवस्थाले बिफाउनु पर्ने हो । अन्य कतिपय मुद्दा जस्तै भूमिअधिकारको मुद्दा पनि राजनीतिक दलको तहबाट भन्दा अधिकारवादी सामाजिक आन्दोलनको तहमा बढि प्रभावकारी हुने गरेको छ अहिले । उनीहरु अध्ययन अनुसन्धान र नीति निर्माणको तहमा वकालत गर्न सक्षम भएका छन् । हालै आएका राष्ट्रिय भूमि नीति र भू-उपयोग नीति तथा भू-उपयोग ऐनको निर्माणमा समेत यस्ता अधिकारमुखी संस्था र अभियानको प्रभाव कुनै न कुनै रूपमा परेको मान्न सकिन्छ । त्यस्तै भूमि सम्बन्धि कतिपय नीतिहरुको प्रतिरोध संसदबाट भन्दा सडकबाट हुने गरेका हाम्रा अगाडि प्रशस्त उदाहरणहरु छन् ।

### भूमि नीति र भू-उपयोग ऐन

संविधानको भावना र मर्म अनुरूप राष्ट्रिय भूमिनीति (२०७५) आएको छ । यसलाई यस अघिका प्रयासहरुको निरन्तरता र उपलब्धिका रूपमा लिनु पर्दछ । यो ऐन नेपालको संविधान २०७२ ले परिकल्पना गरे अनुसार 'वैज्ञानिक भूमिसुधार लागू गर्न भूमिमाथिको दोहोरो स्वामित्व अन्त्य गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्ने,..' उद्देश्यले तयार गरिएको भनिएको छ । यस भूमिनीतिको ७ उद्देश्यहरु मध्ये पहिलो दुई उद्देश्य भूसम्बन्ध र भू-स्वामित्वको सुरक्षा तथा भू-अधिकारको संरक्षणको सुनिश्चितता प्रत्याभूत गर्ने तथा भूमिमा नागरिकको पहुँचको प्रत्याभूत गर्ने रहेको छ । राष्ट्रिय भूमिनीति भूमि सम्बन्धी विषय समेट्ने प्रमुख नीति भएका कारण सबै भूमिसम्बन्धी नीति नियम यसका उद्देश्य अनुरूप हुनुपर्ने छ । भू-उपयोग नीति यस नीतिको अभिन्न अंगको रूपमा रहने छ भने यस नीतिलाई कार्यान्वयन तहमा लानका लागि भू-उपयोग ऐन (२०७६) पनि लागू भैसकेको छ । तसर्थ राष्ट्रिय भूमि नीति नै छलफलका आधार हुनेछन् ।

सतहमा देखिँदा केही अपवादलाई छाडेर 'प्रगतिशिल' देखिने यस नीति कसरी र कति प्रभावकारी ढंगबाट लागू गरिन्छ त्यसैमा यसको सफलता वा असफलता निहित रहन्छ । अन्यथा यसअघिका नीति र प्रयास जस्तै नियति हुने हो भने यो नीतिको होइन सम्बन्धित सरकारको असफलता मानिने छ ।

### समस्या कहाँ छ ?

समस्या शासन प्रणालीमा छ, भूमिप्रशासन सबैभन्दा भ्रष्ट भनिने गरिएको छ । तसर्थ नीति नियम जस्तोसुकै हुँदैमा भूमिसुधारको अपेक्षा गर्न सकिँदैन ।

समस्या सरकार र नेतृत्वतहको राजनीतिक अनिच्छा र आँटको कमीमा छ । समस्या परिवर्तन थेग्न नसक्ने मानसिकतामा छ । जनमुखी र जोताहामुखी भूमिसुधार पुनःवितरणीय न्याय र सामाजिक न्यायको आधारभूत शर्त हो । यसले शक्ति संरचनामा उथलपुथलको माग गर्दछ । सरकार र नेतृत्वतह जब हालको शक्तिसंरचनामा अभ्यस्त भैसकेका छन्, यसै संरचनामा मिसिएर आनन्दको जीवन बिताउन

क्रमशः तेस्रो पृष्ठमा

# उत्कर्षमा आन्तरिक कलह : विभाजनको जोखिममा कांग्रेस

**काठमाडौं ।** नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्ष र विपक्षबीच आन्तरिक कलह उत्कर्षमा पुगेको छ। संवादहीनता, बढ्दो अविश्वास र सहमतिका प्रयास निष्कर्षविहीन बन्दै जाँदा कांग्रेसमा सहमतिभन्दा पनि टकरावको स्थिति पैदा हुँदै जाँदा विभाजनको जोखिममा बढेको नेताहरूले बताएका हुन् ।

यद्यपि नेता शेखर कोइरालाले जुनसुकै अवस्थामा पनि पार्टी फुट्न नदिने बताएका छन् । इतरपक्षले आइतबार विराटनगरमा आयोजना गरेको प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै नेता कोइरालाले भने 'तपाईंहरू ढुक्क हुनुहोस् पार्टी फुट्दैन, म कुनै हालतमा फुट्न दिन्नँ ।' पार्टी एकता इतरपक्षले दिएको जेठ मसान्तसम्मको अल्टिमेटम  समेत आइतबार नै सकिएको छ। नेता विमलेन्द्र निधिले विराटनगरको भेलापछि राजधानीमा शीर्ष नेताहरूको बैठक बसेर आगामी कार्यदिशाबारे निर्णय लिइने बताए । इतरपक्षले लुम्बिनीबाहेक अन्य सबै प्रदेशमा भेला गरिसकेको छ। निधिले सम्पर्क कार्यालयको खोजी भइरहेको भन्दै गर्दा इतरपक्षका केही युवाले अनामनगरमा यसअघि नै छुट्टै सम्पर्क कार्यालय खोलिसकेकाले कांग्रेस विभाजनकै बाटोतर्फ लागेको प्रष्ट शंका उब्जिएको छ।

तर, अहिल्यै विभाजन भन्न नमिल्ने निधिले बताएका छन्। एकता हुन नसके इतरपक्षले छुट्टै १५ औं महाधिवेशन गर्ने निधिको भनाइ थियो। 'मिलेरै गर्ने हाम्रो चाहना हो, तर मिलेर जान संस्थापन पक्षले पहल गरिरहेको छैन' निधिले भने 'यस्तो अवस्थामा १५औं महाधिवेशन कसरी गर्ने, मिलेर गर्ने सम्भावना छ कि छुट्टै महाधिवेशन गर्ने भन्नेबारेमा बैठक बसेर निर्णय गर्छौं ।' विशेष महाधिवेशनपछि केन्द्रीय कार्यसमितिले १६-१९ मा राजधानीमा केन्द्रीय महाधिवेशन गर्ने मिति तय गरिसकेको छ। १५औं महाधिवेशनलाई एकता महाधिवेशन बनाउने प्रयास सफल नभएपछि पार्टी विभाजनको जोखिम बढेको देखिन्छ।

उता, उपसभापति विश्वप्रकाश शर्माले आफूहरूले पठाएको एकताको सातबुँदे प्रस्तावबारे इतरपक्षका नेताहरूले कुनै जवाफ नपठाएको आइतबार सार्वजनिक गरेका छन्। शर्माले १६ जेठमा उक्त प्रस्ताव तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई पठाएका थिए। एकता प्रस्तावबारे एक सातासम्म पनि जवाफ नआएपछि शर्माले २२ जेठमा खड्कालाई भेटेर पुनः स्मरण गराएका थिए। सातबुँदे एकता प्रस्तावबारे ९ दिनसम्म पनि जवाफ नआएपछि शर्माले सोमबार इतर खेमाका शीर्ष नेताहरू शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला र शशांक कोइरालालाई समेत सात बुँदाको प्रस्ताव पठाएका थिए। 'श्रद्धेय नेताहरूलाई मेरो नम्र आग्रह छ, शान्त चित्तले ७ बुँदे पढ्नुहोस्' शर्माको भनाइ थियो 'हामीले निवर्तमान कार्यवाहकलाई पठाएको १६ दिन भयो, बाँकीलाई पठाएको सात दिन नाघ्यो ।' आफूहरूलाई कारबाही गरेर साधारण सदस्यबाटै बिदा दिएको स्मरण गर्दै आफूमाथि कारबाहीको डण्डा चलाउनेहरूलाई नै उपयुक्त जिम्मेवारीमा समेट्न र स्वागत गर्न चाहेको दावी गगन थापा र विश्वप्रकाश शर्माले गरेका छन्।

शर्माले सार्वजनिक गरेको सात बुँदामा इतरपक्षमा रहेका केही नेतालाई वरिष्ठ नेता बनाउनेदेखि केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय समितिमा समेट्ने विषय समावेश छ। सो प्रस्तावमा असन्तुष्ट पक्षले महाधिवेशनको निष्पक्षतामाथि उठाउँदै आएको प्रश्नको समाधान गर्न दुवै पक्षको सहभागितामा महाधिवेशन व्यवस्थापन समिति बनाउनेदेखि निर्वाचन, क्रियाशील सदस्यता छानबिन र अनुशासन समितिमा सम्मानपूर्वक सहभागिता र सहकार्यको प्रस्ताव छ। इतरपक्षका नेता निधिले वाट्सएपबाट पठाइएको उक्त सात बुँदा नयाँ नभएर पुरानै कुरा भएको दावी गरेका छन्। 'यो प्रस्ताव नयाँ होइन, परानै कुरा हुन्' निधिको भनाइ थियो।

खड्कानिकट एक नेताले २२ जेठमा उपसभापति शर्मासँगको भेटमा नै उक्त बुँदामा सहमति हुन नसक्ने जनाउ दिइसकेको बताए। 'लिखित रूपमा केही भन्दिन भनेर नोटमाा टिप्न लगाएरै त्यसलाई अस्वीकार गरिसकिएको हो' ती नेताको भनाइ थियो। अर्का नेता प्रकाशशरण महतले त्यसमा सहमत हुन नसके अर्को विकल्पका रूपमा १५औं महाधिवेशनलाई निष्पक्ष रूपमा सम्पन्न गर्ने दुवै पष सम्मिलित महाधिवेशन आयोजक समितिको प्रस्ताव रहेको बताए। अर्को क्रियाशील सदस्यताको अद्यावधिक अनिवार्य नगरी यसअघि नवीकरण गरेकालाई मान्यता दिइनुपर्ने विषय समावेश छ। 'हामीले खोजेको जम्माजम्मी यति हो' महतको भनाइ थियो 'यति पनि नगर्ने हो भने जे पनि हुन सक्ने स्थिति छ।'

इतरपक्षले १५औं महाधिवेशनकै लागि भनेर १० पुस २०८२ भित्र नवीकरण गरिएका सदस्यतालाई मान्यता दिनुपर्ने माग गर्दै आएको छ। इतरपक्षका यी मुख्य मुद्धालाई संस्थापन पक्ष मान्न तयार छैन। महामन्त्री गुरुराज घिमिरेले केन्द्रीय कार्यसमितिको समानान्तर हुने कुनै पनि समिति वा संयन्त्र अस्वीकार्य हुने जिकिर गरे।

'पार्टीका हरेक गतिविधिलाई पारदर्शिता बनाउने र १५औं महाधिवेशनको विश्वसनीयता कसरी गर्न सकिन्छ भन्नेमा केन्द्रीय कार्यसमितिअन्तर्गतका संयन्त्रहरूमा सम्मानजनक सहभागिता गराएर जान सकिन्छ' महामन्त्री घिमिरेको भनाइ थियो 'केन्द्रीय कार्यसमितिअन्तर्गतका संयन्त्रहरूमा सम्मानजनक सहभागिता गराएर जान सकिन्छ, तर आयोजक समिति बनाउने वा केन्द्रीय कार्यसमिति समानान्तर हुने गरी संयन्त्र बनाउने कुरा असम्भव छ। यो विधानले पनि दिँदैन, कांग्रेसको परम्परा पनि होइन।'

खड्कानिकट एक केन्द्रीय सदस्य श्याम घिमिरेका अनुसार यसमा लचक नहुने हो भने पार्टी विभाजन हुनसक्ने जोखिम देखिएको बताए। उपसभापति विश्वप्रकाश शर्माले पठाएका सात बुँदामा एकताको दिशामा ठोस प्रस्ताव नभएकाले बसेरै सहमति खोज्नुपर्ने घिमिरेको जोड थियो।

**के छ कांग्रेसको ७ बुँदे 'गोप्य' पत्रमा ?**

उपसभापति विश्वप्रकाश शर्माले पार्टीलाई फुटबाट जोगाउन भन्दै जेठ १६ गते देउवा पक्षलाई सातबुँदे 'गोप्य' प्रस्ताव पठाएका थिए। १५औं महाधिवेशनलाई एकता महाधिवेशन बनाउने प्रयास सफल नभएपछि पार्टी विभाजनको जोखिमलाई रोक्न पठाएको उक्त प्रस्ताव इतर पक्षले १६ दिनपछि सार्वजनिक गरिएको हो। प्रस्तावले सभापति गगन र उनका पक्ष पार्टीलाई फुटबाट बचाउन लागिरहेको देखिए पनि देउवा पक्षले भने थापा एकलौटी रूपमा अघि बढेको र संवाद नगरेको आरोप लगाएको छ।

'सबै सँगै बढौं यसरी' शीर्षकको उक्त प्रस्तावमा विशेष महाधिवेशनपछि देखिएको राजनीतिक अवस्थालाई स्वीकार गर्दै विगतका मतभेद बिर्सेर पार्टीलाई एकताबद्ध रूपमा अघि बढाउन आग्रह गरिएको छ। प्रस्तावको पहिलो बुँदामा पार्टी विधानको दफा १७(२) बमोजिम सम्पन्न विशेष महाधिवेशन, निर्वाचन आयोगले गरेको अद्यावधिक तथा सर्वोच्च अदालतबाट भएको अन्तिम निर्णयलाई आत्मसात गर्दै सबै विवादलाई बिर्सेर एकताबद्ध भएर अघि बढ्नु पर्ने उल्लेख गरिएको छ। साथै विशेष महाधिवेशनको प्रक्रिया र परिणामप्रति असहमति भए त्यसलाई १५औं महाधिवेशनको बन्दसत्रमा मौखिक वा लिखित रूपमा राजनीतिक एजेन्डाका रूपमा उठाउन सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ। विशेष महाधिवेशनमा सहभागी भएको वा नभएको आधारमा कुनै पनि सदस्यप्रति विभेदपूर्ण व्यवहार नगर्ने प्रतिबद्धता समेत प्रस्तावमा समावेश गरिएको छ। शर्माले इतरपक्षलाई पठाएको ७ बुँदे गोप्य प्रस्तावमा 'भिविन्न कालखण्डमा विविध प्रकृतिका विवाद र फरक मत नेपाली कांग्रेस पार्टीभित्र प्रकट हुँदै आएका छन्। भिन्न मतहरू सुरक्षित गर्दै अभिन्न रहेर अघि बढ्ने नेपाली कांग्रेसको परम्परा दृष्टिगत गर्दै अघि बढ्न हामी प्रतिबद्ध छौं' उल्लेख गरिएको छ- 'विशेष महाधिवेशन पश्चात उत्पन्न परिस्थिति र अबको बाटोका सन्दर्भमा-

*१) विधानको १७ (२) बमोजिम सम्पन्न विशेष महाधिवेशन, निर्वाचन आयोगले गरेको अधावधिक अनि सम्मानित सर्वोच्च अदालतले अन्तिम छिनोफानो गरिसकेको यथार्थ आत्मसात गर्दै विमतिका सबै विषय बिर्सिएर एकताबद्ध भएर अघि बढ्ने। तर विशेष अधिवेशनको प्रक्रिया र परिणाम उपरको विमतीलाई आफ्नो राजनैतिक एजेन्डाका रूपमा १५औं महाधिवेशनको बन्दसत्रमा मौखिक/लिखित दुवै रूपमा प्रस्तुत गर्न सकिने। विशेष महाधिवेशनमा सहभागी रहेको या नरहेको आधारमा पार्टीका कुनै पनि सदस्यलाई फरक कोणबाट नहेर्ने, फरक व्यवहार नगर्ने।*

*२) महाधिवेशन तयारी क्रमको पहिलो चरण क्रियाशील सदस्यता अद्यावधिक गर्ने प्रक्रियालाई निर्धारित समयभित्र पूरा गर्ने (पार्टी विधानमा विगतदेखि नै रहेको यस सम्बन्धी व्यवस्थाबारे रहेका अष्पस्टतालाई स्पष्ट गरेर अघि बढ्ने)।*

*३) पार्टीमा लामो समय योगदान गर्नुभएका अग्रज नेताहरूमध्येबाट केही अग्रजलाई केन्द्रीय समितिमा वरिष्ठ नेताका रूपमा सम्मानित भूमिकामा स्थापित गर्ने।*

*४) विगतमा केन्द्रीय समितिमा रहेका र नरहेका साथीहरूमध्येबाट जिम्मेवारी निर्वाह गर्न इच्छुक साथीहरूलाई केन्द्रीय समितिमा निश्चित संख्यामा सम्मानपूर्वक जिम्मेवारी प्रदान गर्ने। कार्यसम्पादन समितिमा सम्मानजनक सहभागिता रहने (तर महाधिवेशनमा स्वतः भाग निन पाइने परम्परा अन्त्य गरी केन्द्रीय समितिमा रहेका सबैले वडा तहबाट नै प्रतिनिधि बनेर अनिवार्य आउनुपर्ने)।*

*५) पन्ध्रौं महाधिवेशन गराउने निर्वाचन समिति, अनुशासन समिति र क्रियाशील सदस्यता व्यवस्थापन समितिमा सम्मानजनक सहभागिता र सहकार्य गर्ने।*

*६) केन्द्रीय समितिको अंग रहने गरी बैठकबाट १५औं महाधिवेशन व्यवस्थापन समिति गठन गर्ने।*

*७) भ्रातृ र शुभेच्छुक संस्थाहरूको केन्द्रीय समितिमा कार्य गर्न इच्छुक साथीहरूलाई सभापति नै अथवा पदाधिकारी या उहाँहरूको चाहना र योग्यताअनुरूपको जिम्मेवारी प्रदान गर्ने।* यी ७ बुँदाबारे १६ दिनसम्म जवाफ नआएपछि जेठ ३१ मा यी बुँदा सार्वजनिक गरिए।

# नेपालमा भूमिसुधार...

पाइरहेका छन् भने कष्टसाध्य जिम्मेवारी लिन तयार हुँदैनन् । विद्यमान नीतिमा आधारित भएर नै संविधानको भावना अनुरूप सही अर्थमा भूमिसुधार गर्ने पहल गर्नु भनेको 'शान्ति खलबल्याउने'काम हो । जुन सरकार र शक्तिशालीहरूको रूचीको विषय रहेन । कमजोर, मोही, साना किसान र भूमिहिनहरु त्यसरी 'शान्ति खलबल्याउने' तहमा संगठित र शक्तिशाली भैसकेका छैनन् वा हुन सक्दैनन् ।

विश्व राजनीति र स्वार्थसमूहले पनि नेपालमा सही अर्थको भूमिसुधारमा चासो राख्दैन वा हुन दिँदैन । त्यो राजनीतिक कारणले हुन सक्दछ, बजार र व्यापारिक स्वार्थका कारणले हुन सक्छ वा त्यो उनीहरूले अंगालेका विकासको मोडेलका कारण हुनसक्छ ।

**निष्कर्ष**

अन्यत्र जस्तै नेपालको वामपन्थी शक्तिहरु पनि वर्गीय राजनीति र आधारबाट क्रमशः विमुख हुँदै गएको देखिन्छ जसको असर सिधै भूमिसुधारको मुद्दा पर्ने गरेको छ । नेपाली वामपन्थी आन्दोलनको निकट इतिहासको अवलोकन र वर्तमान क्रियाकलापले यही नै संकेत गर्दछ । जसको जोत उसको पोतको नारा दिन नथाक्ने वामपन्थी दलहरु आफैं पटकपटक सत्तामा रहँदा समेत आयोग बनाउने औपचारिकताबाट माथि उठ्न नसकेको देखिन्छ । सामाजिक न्यायसहितको समग्र रुपान्तरणमा भूमिसम्वन्ध कस्तो हुनु पर्दछ भनेर सैद्धान्तिक र नीतिगत धारणा बनाउनु राजनैनिक दलका लागि यस कारणले पनि आवश्यक पर्दछ कि अहिले पनि नेपाली समाजको ठूलो हिस्साको सामाजिक, राजनीतिक र आर्थिक सम्बन्ध भू-सम्बन्धले नै निर्देशित गरिरहेकै छ ।

परिवर्तित सन्दर्भमा भूमिसुधार र वामपन्थी दृष्टिकोण केवल रणनैतिक प्रश्न मात्र होइन यो एउटा सैद्धान्तिक सवाल पनि हो । यहाँ वामपन्थी राजनीति, दृष्टिकोण र दलहरुमा किन पनि जोड दिइयो भने उनीहरु यावत कमजोरी र खरावीका बावजूद पनि प्रगतिशिल शक्तिहरु हुन, प्रगतिशिल शक्तिमा पुनःस्थापित हुन सक्दछन् जुन विद्यमान अवस्थामा त्यस्तो सम्भावना देखिदैन ।

यिनै पृष्ठभूमिमा पनि हालसालै आएको भूमि नीति र भू-उपयोग ऐन यतिबेलाका प्रगतिशिल दस्तावेज हुन् । यो विगतमा भएका अनेक प्रयत्नका निरन्तरता र उपलब्धि पनि हो । यो ऐन अपेक्षा गरिए जत्ति नै नभए पनि यिनको अधिकतम उपयोग र कार्यान्वयनमा जोड दिनु दलहरुको प्रमुख कार्याभार हुनेछ । यो उपयुक्त अवसर पनि हो कि यतिबेला बहुमतसहितको कम्युनिष्ट सरकार सत्तामा छ ।



# 'देश बनाउने' टोलीले कहिले दिन्छ देशका समस्याको जवाफ ?

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का प्रमुख सचेतक युवराज दुलालले प्रधानमन्त्री बालेन्द्र शाहसहित 'देश बनाउने' तीन जनाको टोलीले देशका समस्याको जवाफ कहिले दिन्छ भन्दै प्रश्न गरेका छन् ।

सोमबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै सांसद दुलालले प्रधानमन्त्री शाह 'बिदा मानइसकेर फुर्सदमा भएकाले' अब देशका जल्दाबल्दा समस्यामा ध्यान दिनुपर्ने माग गरेका हुन् । 'प्रधानमन्त्रीज्यूले बिदा पनि मनाइसक्नु भएको छ । 'देश बनाउने' उहाँले तीन जनाको जम्बो टोली पनि घोषणा गरिसक्नुभएको छ' भन्दै सांसद दुलालले भने- 'अब पक्कै पनि केही फुर्सद भयो होला । अब सदनमा आएर टेम्पो गुल्ट्याएका, घरका छानामा ढुंगा हानेका, हाम्रा उद्योगहरू बन्द हुन लागेका कारणहरू यसै सदनमा बताइदिए सदनमार्फत जनताले राहत अनुभूति गर्थे भन्ने हामीलाई लागेको छ ।'

प्रतिनिधिसभाको शून्य समयमा बोल्दै उनले भारतले निर्यात रोक्दा मेचीका चिया उद्योग बन्द हुन लागेको भन्दै सरकारको ध्यानाकर्षण गराए । प्रधानमन्त्रीले सीमासम्बन्धी दिएको अभिव्यक्ति रेकर्डबाट हटाउन समेत माग गरेका उनले यसका लागि सभामुखले रूलिङ गर्नुपर्ने र प्रधानमन्त्रीले स्पष्टीकरण दिनुपर्ने समेत धारणा व्यक्त गरे ।

# विज्ञप्ति जारी गर्दै महराले लिए 'विश्राम'

**काठमाडौं ।** बिहीबार विज्ञप्ति जारी गर्दै पूर्वसभामुख तथा नेपाली कम्युनिस्ट पार्टीका वरिष्ठतम्मध्येका एक नेता कृष्णबहादुर महराले सक्रिय राजनीतिबाट बिदा लिएको घोषणा गरेका छन् ।

पार्टीप्रति आफ्नो कुनै वितृष्णा नभई स्वास्थ्यावस्था र उमेरका कारण सक्रिय राजनीतिबाट अगल भएको नेता महराले विज्ञप्तिमार्फत बताएका छन् । 'पार्टी छाडेको भन्दा पनि सम्पूर्ण जिम्मेवारीबाट अलग भएको हुँ । पार्टीप्रति कुनै वितृष्णा भएर होइन'- उनले जारी गरेको विज्ञप्तिमा लेखिएको छ । २०१५ असार ४ गते रोल्पाको सदरमुकामस्थि लिबाङमा निम्नवर्गीय किसान परिवारमा जन्मिएका महरा २० वर्षको उमेरदेखि वामपन्थी राजनीतिमा सक्रिय बनेका हुन् । लिबाङ माध्यमिक विद्यालयमा १२ वर्ष विज्ञान विषयको शिक्षण गरेका उनको राजनीतिक यात्रा २०३६ बाट सुरु भएको हो ।

तत्कालीन नेकपा (माओवादी) ले २०५२ फागुन १ गते सशस्त्र जनयुद्ध सुरु गरेपछि भूमिगत बनेका महराको सम्पूर्ण परिवार भूमिगत राजनीतिमा सामेल भए । तत्कालीन विद्रोही माओवादीका तर्फबाट २०५८ मा सरकारसँग वार्ता गर्ने टोलीका संयोजक एवं २०६० मा वार्तापोलीका सदस्य तथा प्रवक्ताको भूमिकामा उनै महरा थिए । यसअघि २०४८ को आम निर्वाचनमा तत्कालीन संयुक्त मोर्चाका उम्मेदवार महरा रोल्पा- २ बाट निर्वाचित भएका थिए । तत्कालीन नेकपा ( मशाल) देखि अहिलेको नेपाली कम्युनिस्ट पार्टीसम्मको राजनीतिक यात्राकै क्रममा २०६४ मा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा दाङ- ३ बाट संविधानसभा सदस्यमा निर्वाचित उनी पुष्पकमल दाहाल 'प्रचण्ड' को धेरै निकट मानिन्छन् । महराको छवि शालीन र बौद्धिक नेताका रूपमा स्थापित छ ।

कठिन भूमिगतदेखि अहिलेसम्मको राजनीतिक आरोह र अवरोहबीच २०७४ फागुन २५ गते गरिमामय सभामुखको पदमा आसिन भएकै बेला संसदकै एक महिला कर्मचारीले उनीमाथि आफूमाथि यौन दुर्व्यवहार भएको आरोप लगाइन् र त्यही आरोपमा उनले २०७६ असोज १४ गते सभामुखबाट राजीनामा दिए । नेपालको इतिहासमा बहालवाला सभामुखले राजीनामा दिएको त्यो नै पहिलो घटना बन्न पुग्यो । त्यसपछि महरा पुर्पक्षका लागि केही समय जेल चलान समेत भए । यो घटनामा काठमाडौं जिल्ला अदालतबाट सफाइ पाएका महरामाथि २०८२ असोजमा विद्युतीय चुरोट भेपमार्फत सुन तस्करी गरेको अर्को आरोप लाग्यो र पुनः पक्राउ परे ।

पुर्पक्षका लागि जेलमा रहेका उनी उच्चअदालत पाटनको आदेशमा २० लाख धरौटी बुझाएर रिहा भएका महरा पछिल्ला दिनहरूमा हरेक पटक सरकार परिवर्तन भएसँगै पक्राउ पर्ने गरेका छन् । भेप प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको विशेष अदालतले महराविरुद्ध २०८२ चैत २६ गते मुद्धा दायर गरेको थियो । उनीविरुद्ध अख्तियारले ७ करोड ७८ लाख बिगो दावी गरेको छ भने सोही प्रकरणमा उनका छोरा राहुल महरा समेत जोडिएका छन् । एकपछि अर्को राजनीतिक उचाइ हासिल गरेका ६८ वर्षीय महरा नसासम्बन्धी रोगबाट पीडित रहेका र ४८ वर्षपछि सक्रिय राजनीतिबाट बिदा लिएका छन् । २०७६ देखि राजनीतिक ओरालो यात्रा सुरु भएको महराका दुई छोरा निर्मल, राहुल र दुई छोरी प्रगति र उन्नति रहेका छन् ।

बुबा स्व. रविचन्द्र महरा र आमा स्वं समुन्द्रदेवी महराका सुपुत्रका रूपमा २०१५ असार १५ गते रोल्पाको लिवाङ- ७ धारापानीमा जन्मिएका कृष्णबहादुर महराले लिवाङकै श्री बालकल्याण उच्च माविबाटै एसएलसी दिएका थिए । प्रवीणता प्रमाण पत्र तह (विज्ञान), महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्जबाट तथा स्नातक तह (शिक्षाशास्त्र), त्रिविवि नेपाल (पोखरा) बाट गरेका थिए ।

तत्कालीन २०३५-०३६ को विद्यार्थी आन्दोलनमा संलग्न भई राजनीतिमा सक्रिय भूमिका निर्वाह गरेका महरा २०३६ देखि २०३९ सम्म नेपाल राष्ट्रिय शिक्षक संगठन रोल्पाको सचिव र केन्द्रीय प्रतिनिधि रहेका थिए । उनले २०३७ मा तत्कालीन नेकपा चौमको पार्टी सदस्यता प्राप्त गरेका उनी सोही सालमै पार्टीको रोल्पा जिल्ला सदस्य भएका थिए । २०३९-०४१ सम्म अ.ने.रा.स्व.वि.यू. आठौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य, केन्द्रीय उपाध्यक्ष, पृथ्वी नारायण क्याम्पस पोखरा, स्व.वि.यु. कोषाध्यक्ष एवं २०४१-०४५ सालसम्म नेपाल रेडक्रस सोसाइटी रोल्पा जिल्ला शाखाको मन्त्री भएका थिए । २०३६-०४८ सम्म विज्ञान र गणित शिक्षकको रूपमा दस वर्ष शिक्षण पेशा संलग्न उनी २०४८ देखि नेकपा (मशाल) रोल्पा जिल्ला सेक्रेटरी (डिसिएस) र २०४८ कै निर्वाचनमा रोल्पा २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए भने २०५० मा संयुक्त जनमोर्चा नेपाल संसदीय दलको नेता र क्षेत्रीय संगठन समिति, सदस्य राप्ती ने.क.पा. (एकता केन्द्र)को जिम्मेवारी सम्हालेका थिए ।

२०५१ मा पश्चिमाञ्चल क्षेत्रीय ब्युरो सदस्य नेकपा (माओवादी) र २०५३ असारमा केन्द्रीय सदस्य हुँदै २०५५ मा पोलिटब्युरो सदस्यको जिम्मेवारीमा रहेका महराले २०५८ मा तत्कालीन सरकारसँगको पहिलो वार्ता टोली संयोजकको जिम्मेवारी समेत सम्हालेका थिए । उनले २०६० मा तत्कालीन सरकारसँगको नेकपा (माओवादी) को दोस्रो वार्ता टोली सदस्य तथा प्रवक्ता एवं २०६१ मा पार्टी प्रवक्ता हुँदै २०६२ मा स्थायी समिति सदस्य तथा २०६२ असोज सेक्रेटेरियल सदस्य, केन्द्रीय समिति जिम्मेवारी पाएका उनी २०६३ मा तत्कालीन सरकारसँग वार्ताको लागि गठित तेस्रो वार्ता टोलीको संयोजक समेत बनेका थिए । उनी २०६३ पौषमा अन्तरिम संविधान जारी भएपछि निर्मित अन्तरिम व्यवस्थापिका-संसदको सदस्य तथा माओवादी संसदीय दलका नेता तथा सोही वर्ष चैतमा अन्तरिम सरकारका सूचना तथा सञ्चार मन्त्री, सरकारका प्रवक्ता रहेका थिए ।

२०६४ चैतमा सम्पन्न भएको निर्वाचनमा दाङ क्षेत्र नं. ३ बाट संविधानसभा सदस्य निर्वाचित भएका महरा २०६५ भदौमा माओवादी अध्यक्ष दाहाल नेतृत्वको पहिलो निर्वाचित गणतान्त्रिक सरकारका सूचना तथा सञ्चार मन्त्री तथा सरकारका प्रवक्ता बनेका थिए । महरा २०६५ मा भएको पार्टी एकतापछि बनेको एकीकृत नेकपा (माओवादी)को स्थायी समिति सदस्य र २०६६ मा अन्तर्राष्ट्रिय ब्युरो इन्चार्ज, २०६७ मा उप-प्रधानमन्त्री तथा गृहमन्त्रीको जिम्मेवारीमा रहेका व्यक्ति समेत हुन् । उनी २०६९ मा एकीकृत नेकपा (माओवादी)को सातौं राष्ट्रिय महाधिवेशन आयोजक समिति सदस्य तथा केन्द्रीय संगठन विभाग प्रमुख र ०६९ मै अन्तरिम चुनावी मन्त्रिपरिषद निर्माका लागि राजनीतिक सहमति-पत्र तथा अन्तरिम संविधान बाधा अड्काउ फुकाउ आदेश मस्यौदा निर्माण कार्यदलका सदस्य भएर काम गरेका थिए । सातौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्य तथा केन्द्रीय संगठन विभाग प्रमुख, मध्य ब्युरो इन्चार्जको जिम्मेवारी पाएका महरा २०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा रोल्पा क्षेत्र नं. १ बाट निर्वाचित भएका थिए ।

२०७१ मा एकीकृत नेकपा (माओवादी)का महासचिव निर्वाचित महरा २०७३ मा उपप्रधान तथा अर्थमन्त्री तथा २०७४ मा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीको जिम्मेवारीमा रहेका थिए । २०७३ देखि नै पार्टी केन्द्रीय कार्यालय सदस्य रहेका उनी २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा दाङ क्षेत्र नं. २ बाट निर्वाचित भएका थिए । २०७८ मा नेकपा माओवादी केन्द्रका उपाध्यक्षको जिम्मेवारी पाएका उनी २०८२ मा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को संयोजन समितिका सदस्य रहँदै आएका थिए ।

यसरी करिब पाँच दशक लामो नेपाली कम्युनिस्ट राजनीतिमा सक्रिय रहेका कृष्णबहादुर महराले स्वास्थ्यको कारण देखाउँदै बिहीबार अचानक राजनीतिकबाट अलग भएको जानकारी गराएको विषयले राम्रो चर्चा पाएको छ । दसकौं लामो राजनीतिक सक्रियतालाई विश्राम दिने वक्तव्य जारी गरेका उनले आफू केही वर्षयता एट्रोफीसम्बन्धी (नसाहरू र मांसपेशीहरू क्रमशः खुम्चिँदै जाने समस्या) रोगबाट ग्रसित भएका कारण नियमित उपचार, थेरापी तथा औषधि सेवन गरिरहे पनि स्वास्थ्य अवस्थाले अपेक्षित साथ दिन नसकेको बताएका छन् ।

'परिणामस्वरूप, पार्टीका नियमित गतिविधि र जिम्मेवारीहरूमा विगतभैं सक्रिय, प्रभावकारी र जिम्मेवार ढंगले योगदान गर्न कठिन हुँदै गएको छ' वक्तव्यमा उल्लेख गरिएको छ । पार्टीका नियमित गतिविधि र जिम्मेवारीहरूमा विगतभैं सक्रिय, प्रभावकारी र जिम्मेवार ढंगले योगदान गर्न कठिन हुँदै गएको समेत महराले स्पष्ट पारेका छन् । उनले कुनै असन्तुष्टि वा गुनासोभन्दा पनि स्वास्थ्य अवस्थाका कारण आफू सक्रिय राजनीति जिम्मेवारी रहन नसकेको उल्लेख गरेका छन् । 'निकै गह्रौं मनका साथ आजकै मितिदेखि पार्टीको सक्रिय जिम्मेवारीबाट अलग भई साधारण सदस्य रहने निर्णय गरेको जानकारी गराउन चाहन्छु' उनको भनाइ थियो 'यो निर्णय कुनै असन्तुष्टि, गुनासो वा वैचारिक विचलनका कारण नभई केवल स्वास्थ्य अवस्थाले सिर्जना गरेको बाध्यतात्मक परिस्थितिको परिणाम हो ।'

एक दशकसम्म विद्यालयमा विज्ञान र गणित समेतका शिक्षक रहेका महरा नेकपा चौथो महाधिवेशन, नेकपा मशाल, नेकपा एकता केन्द्र, नेकपा (माओवादी), एनेकपा माओवादी, नेकपा माओवादी केन्द्र हुँदै अहिलेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सम्मको राजनीतिक यात्रालाई विराम दिने निर्णय गरेका छन् ।

# बिच्किए खनाल : दाहाल र नेपाललाई पठाए ३६ बुँदे असन्तुष्टिपत्र

**काठमाडौं ।** हुन त झलनाथ खनाल एमालेमा अध्यक्ष केपी ओलीले नभित्र्याएपछि एकताको अन्तिम घन्टामा नेपाली कम्युनिस्ट पार्टीमा मिसिन पुगेका हुन् । माधवकुमार नेपालको एकीकृत समाजवादी नेकपा माओवादी केन्द्रसँग मिल्ने कार्यक्रम सुरु भइसकेपछि खनाल एमाले अध्यक्ष केपी ओलीको निवासबाट सिधै कार्यक्रममा पुगेका थिए ।

सो कार्यक्रममा उनले प्रचण्डसँग आफ्नो छुट्टै सहमति भएको दावी गरेका थिए । पार्टी एकता भएको सात महिना नपुग्दै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) भित्र गम्भीर आन्तरिक असन्तुष्टि सतहमा आएको छ । खनालले शीर्ष नेतृत्वमाथि असन्तुष्टि जनाउँदै संयोजक पुष्पकमल दाहाललाई ३६ बुँदे असन्तुष्टिपत्र पठाएका छन् । उनले पठाएको पत्रमा सहसंयोजक माधवकुमार नेपालको कार्यशैलीप्रति पनि गम्भीर असन्तुष्टि व्यक्त गरिएको छ ।

खनालले पार्टी एकता भएको लामो समय बित्न लाग्दासमेत आफूलाई पूर्ण रूपमा जिम्मेवारीविहीन बनाएर अपमान गरिएको उल्लेख गर्दै नेतृत्वको नियतमाथि प्रश्न उठाएका हुन् । करिब ६ दशकदेखि कम्युनिष्ट आन्दोलनमा सक्रिय आफूजस्तो वरिष्ठ नेतालाई किनारा लगाउनु सुनियोजित व्यवहार भएको उनको दाबी छ । पूर्वप्रधानमन्त्री खनालले पार्टी एकताअघि भएका वैचारिक सहमति तोडिएको आरोप लगाउँदै दाहालले मार्क्सवाद-लेनिनवाद र वैज्ञानिक समाजवादको आधारमा भएको समझदारीबाट पछि हटेको उल्लेख गरेका छन् ।

प्रचण्ड आफ्नो राजनीतिक अडानमा टिक्न नसकी माधव नेपालको दबाब र प्रभावमा परेको आरोपसमेत खनालले लगाएका छन् । पत्रमा माधव नेपालमाथि पनि तीखा टिप्पणी गरिएको छ । खनालले पार्टीभित्र गुटबन्दी, योग्य नेता तथा युवामाथि पूर्वाग्रहपूर्ण व्यवहार र आफ्नो मतसँग नमिल्नेहरूलाई पाखा लगाउने प्रवृत्ति मौलाएको आरोप लगाएका छन् । साथै, उनले भ्रष्टाचार मुद्दा खेपिरहेका र नैतिक प्रश्नको घेरामा परेका माधव नेपाललाई पार्टीको सहसंयोजक बनाइनु नेतृत्वको नैतिक पतन भएको टिप्पणी गरेका छन् ।

खनालले एमाले विभाजनदेखि साविक नेकपा विघटनसम्मका निर्णयलाई आत्मघाती राजनीतिक गल्ती भनेका छन् । साथै, पार्टीमा बहुदलीय जनवाद र प्रजातान्त्रिक समाजवादलाई प्रवेश गराएर कम्युनिष्ट आन्दोलनलाई वैचारिक रूपमा कमजोर बनाउने प्रयास भएको आरोपसमेत लगाए । लामो असन्तुष्टि व्यक्त गर्दै खनालले पार्टीभित्र आफूलाई खोरभित्र जस्तै बन्दी बनाइएको अनुभूति भइरहेको उल्लेख गरेका छन् । उनले वैचारिक स्पष्टता र नैतिकता गुमाएको नेतृत्वबाट क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण सम्भव नहुने चेतावनी दिए ।

# सुस्तामा छिरे भारतीय सुरक्षाकर्मी, लखेटिए स्थानीयले

**काठमाडौं ।** भारतीय सीमा सुरक्षाफोर्स (एसएसबी) नेपाली भूमि सुस्तामा प्रवेश गरेपछि स्थानीयले प्रतिकार गरेका छन्यहाँ । शुक्रबार बिहान करिब ७ बजे सुस्ता गाउँपालिका-५ स्थित थारू टोलमा एसएसबी प्रवेश गरेपछि स्थानीयले हो-हल्ला गर्दै आफ्नै भूमि जान भनेका थिए ।

नारायणी नदीमा निर्माणाधीन तटबन्धको काम रोक्न १७ जेठमा एसएसबी नेपाली भूमि प्रवेश गरेपछि यस क्षेत्रलाई नेपाली र भारतीय दुवै पक्षले थप निगरानीमा राखिरहेका छन् । खेतमा काम गरिरहेका स्थानीयले नेपाली भूमिमा किन प्रवेश गरेको भन्दै भारतीय सुरक्षाकर्मीलाई फर्कन भनेका थिए । स्थानीयसँग केही समय सामान्य वादविवाद गरेपछि एसएसबी भारततर्फ नै लागेका थिए । पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज घिमिरेले नियमित गस्तीमा रहेको भारतीय सुरक्षाकर्मीको टोली सिमा नजिकै पानी जमेकोले त्यसलाई पार गर्न नेपालतर्फ आएको बताउँदै भने, 'तर लगत्तै नेपाली सुरक्षाकर्मी पुगेपछि अहिले सुस्ताको अवस्था सामान्य छ ।' सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले शुक्रबार बिहान भारतीय सुरक्षाकर्मी नेपाली भूभागमा देखेपछि स्थानीयले भारततर्फ जान र आफ्नो भूमिमा प्रवेश नगर्न भनेपछि केही समय विवाद भएको र पछि दुबै पक्षका सुरक्षाकर्मीको पहलमा समस्या समाधान गरिएको जानकारी दिए ।

२०२२ मा तत्कालीन राजा महेन्द्रले सुस्तामा केही भूपू सैनिक र सुस्ता आसपास सिमानाको रक्षार्थ करिब ४ सय परिवारको बस्ती बसालेका थिए । २०३४ मा नारायणी नदीले धार परिवर्तन गरेर बस्ती बगरमा परिणत गरी दिएपछि उनिहरू बिस्थापित हुन पुगे । त्यसपछि भारतीय पक्षले लगातार अतिक्रमण गर्ने र सिमा स्तम्भ नभएको फाइदा उठाउदै आएको स्थानीयको आरोप छ । सुस्ताको कुल क्षेत्रफल ४० हजार ९ सय ८० हेक्टरमध्ये भारतले १४ हजार हेक्टर अतिक्रमण गरेर आफ्नो कब्जामा लिएको छ भने १९ हजार ४ सय ८० हेक्टर क्षेत्रफल विवादित भन्दै जोतभोग गर्न दिइएको छैन । सुस्ताबासीले अहिले ७ हजार ५ सय हेक्टर क्षेत्रफलको भूमि मात्रै जोतभोग गर्दै आएका छन् । पश्चिम नवलपरासीको सनहीदेखि कुडियासम्म १६ वटा सिमा स्तम्भ भएपनि सुस्ताको २४ किलोमिटर क्षेत्रमा सीमा स्तम्भ छैन ।

सीमा स्तम्भ नभएका ठाउँमा खोला, रुख वा अन्य जैविक सिमानाको भर पर्दा जोतभोगका विषयमा सीमावर्ती क्षेत्रका नागरिकबीच पटक पटक विवाद हुँदै आएको छ । नेपाल-भारतको विवादित भूमिमा एउटा सिमलको रुखलाई सीमा स्तम्भका रूपमा मानिँदै आएको छ ।

# 'स्वार्थ समूहको प्रभाव बढ्ने गरी करनीति ल्याइयो'

**काठमाडौं ।** राप्रपाकी प्रमुख सचेतक खुश्बु ओलीले सरकारले स्वार्थ समूहको प्रभाव बढ्नेगरी कर नीति ल्याएको आरोप लगाएकी छन् ।

शुक्रबार अर्थमन्त्री स्वर्णिम वाग्लेले पेस गरेको आर्थिक विधेयक, २०८३ माथिको छलफलमा भाग लिँदै प्रमुख सचेतक ओलीले सरकारले आफूसँग करसम्बन्धी असीमित अधिकार राखेर त्यसको सीमासमेत उल्लंघन गरेको भन्दै आपत्ति जनाइन् । 'विधेयकमा नयाँ शुल्क र करहरू थपिएका छन् । शिक्षा सेवा शुल्क, शिक्षा समता शुल्क, स्वास्थ्य समता शुल्क, स्वास्थ्य पूर्वाधार लगानी शुल्क । शिक्षा शुल्क ठीक पनि सक्छ । तर शिक्षा समता शुल्कबाट वास्तवमा सरकारी विद्यालयको गुणस्तर बढ्ने सुनिश्चितता के छ ? त्यसै गरी स्वास्थ्य समता शुल्कबाट ग्रामीण स्वास्थ्य प्रणाली बलियो हुने कानुनी व्यवस्था कहाँ छ ? त्यसैले स्पष्ट रूपमा के देखिन्छ भने कर उठाउने संयन्त्र त बनाइएको छ । तर परिणाम सुनिश्चित हुने देखिएको छैन । वास्तविक प्रश्न भनेको सार्वजनिक विद्यालय किन कमजोर छन ? सरकारी अस्पताल किन प्रभावकारी हुन सकेन ? भन्ने जस्ता प्रश्न हुन् । यसको समाधान शुल्कमा मात्रै छैन होला । हाम्रो समस्या संरचनागत नै हो । विधेयकमा सरकारलाई कर घटाउन, बढाउन व्यापक छुट दिएको छ । यसको अधिकारको सीमा के हो ? पारदर्शिता कसरी सुनिश्चित हुन्छ ? संसद्को नियन्त्रण कहाँ छ ? यसले स्वार्थ समूहको प्रभाव बढ्ने देखिन्छ,' उनले भनिन् ।

प्रमुख सचेतक ओलीले सरकारले सरकारी अस्पताल र सार्वजनिक विद्यालयको हितविपरीतका कर नीतिहरू थपेको भन्दै असन्तुष्टि पनि व्यक्त गरिन् ।

# 'आर्थिक अपराध गरेका वाग्लेले सांसद धम्क्याउनुभयो'

**काठमाडौं ।** पूर्वअर्थमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टीका सांसद वर्षमान पुनले अर्थमन्त्री स्वर्णिम वाग्लेले करको दर हेरफेर गरेर आर्थिक अपराध गरेको बताएका छन् ।

प्रतिनिधि सभाको बैठकमा पुनले अर्थमन्त्रीले संसदको रोष्टमबाट नै करको दर हेरफेर गरेको स्वीकार गरेकाले त्यसमाथि संसदीय छानबिन बन्नुपर्ने बताएका हुन् । 'हाम्रो दलका तर्फबाट अर्थमन्त्रीलाई शंकाको लाभ दिएका थियौं । संसदमा शून्य र विशेष समयमा केही विषय उठिराखेका थिए । हिजो सार्वजनिक लेखा समिति र संसदमा आर्थिक विधेयकमाथिको छलफलको क्रममा जसरी अर्थमन्त्रीले जबाफ दिनुभयो सार्वजनिक जनप्रतिनिधि संस्था संसद र समितिको अवमूल्यन भएको छ', पुनले भने, 'धम्काउने कोशिस भएको छ । यसमा गम्भीर आपत्ति छ ।' उनले सांसदले उठाउने कतिपय विषय प्रश्न, जिज्ञासा र स्पष्टीकरणको विषय हुने उल्लेख गर्दै ती सबै आरोप नहुने बताए । 'अर्थमन्त्रीले ७ वटा करका दर हेरफेर गरैं भनेर स्वीकार गर्नुभयो । त्यो आर्थिक अपराध हो,' पुनले भने, 'हामीले अपराध गर्नुभयो भनेका थिएनौं । जिज्ञासा राखेका थियौं । उहाँले धम्की दिदैं मैले गरेकै हो,के गर्छौ भन्नुभयो । यसमा रुलिङ हुनुपर्छ । छानबिन गरिनुपर्छ ।'

अर्थमन्त्री वाग्लेले करको दर हेरफेर गरेको विषय प्रतिनिधि सभाको रोस्टमबाट स्वीकार गरेका थिए । उनले पूर्वअर्थमन्त्रीहरूको समयमा समेत बजेटमा विभिन्न बुँदामा सच्याइएको उल्लेख गरेका थिए । '७३ बुदाँ होस् वा या मेरो पालाको पनि किन नहोस् । छानबिनका लागि म तयार छु,' पुनले भने, 'पुराना कोही सांसद नराखी यसपटक मात्र आएका सदस्यहरू राखेर छानबिन गरौं ।' उनले २० लाखमुनिको कुन ब्राण्डको गाडीलाई छुट दिइएको भन्ने सबैलाई थाहा भएको बताए । '२० लाख मुनि कुन गाडी, कुन ब्राण्ड सबैलाई थाहा छ । त्यो पाँइदैंन', पुनले भने, 'मन्त्रिपरिषद्ले पास गरेपछि एउटा मन्त्रीले करका दर फेर्न पाउँदै पाउँदैन । यसले संसदको सर्वोच्चता र मानहानी भएको छ ।'

बजेटमा केही प्राविधिक विषय र असंगत हुन सक्ने भए पनि त्यसका लागि छानबिन गर्नुपर्ने उनले तर्क गरे । साथै भरतमोहन अधिकारी अर्थमन्त्री भएका बेला समितिमा बजेट पढ्नु अघि मिडियामा सार्वजनिक भएको विषयमा छानबिन समिति बनेको उदाहरण दिए । 'फाइल खोल्दै छु भन्ने,' पुनले अर्थमन्त्री वाग्लेलाई लक्षित गर्दै भने, 'खुलोस् । मेरो बाट खुलोस् । छानबिन हुन्छ । तर हिजोकाले गरे मैले गर्छु भन्न पाँइदैन ।'

# नेपालले भारतको भूभाग मिचेको कुनै तथ्य र प्रमाण छैन : बादल

**काठमाडौं ।** नेकपा (एमाले) संसदीय दलका नेता एवम् पार्टी उपाध्यक्ष रामबहादुर थापा 'बादल' ले नेपालले भारतको भूभाग मिचेको कहींकतै, कुनै पनि प्रमाण नभएको बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा परराष्ट्रमन्त्री शिशिर खनालले वक्तव्य दिएपछि बोल्दै नेपालले कुनै पनि भारतीय भूमि नमिचेको यथार्थलाई सत्ता र प्रतिपक्षले राम्रोसँग मनन् गर्नुपर्नेमा उनले जोड दिए । परराष्ट्मन्त्रीको जवाफबाट आफूहरू सन्तुष्ट नभएको भन्दै राष्ट्रियता रक्षाको संघर्ष भिन्न तरिकाले जारी राख्ने चेतावनी उनले दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यस्तो अभिव्यक्ति सच्याउन आफ्नो पार्टीका नेतालाई निर्देशन दिन सक्ने तथा सभामुखले त्यस्ता अभिव्यक्ति संसद्को अभिलेखबाट हटाएमा गत्यावरोध अन्त्य हुने धारणा नेता थापाले राखे ।

# प्रतिपक्षीले उठाएका गम्भीर विषय पूरा गर्न माग

**काठमाडौं ।** प्रतिनिधिसभाको बिहीबारको बैठक सुरु हुनेबित्तिकै विपक्षी दलका सांसदहरूले आ-आफ्ना आसनबाट उठेर सरकारले आफ्ना माग कार्यान्वयन नगरेकामा विरोध जनाए ।

त्यसपछि सभामुख डोलप्रसाद अर्यालले आ-आफ्ना भनाइ राख्न उनीहरूलाई समय दिए । सोही क्रमा नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले सम्पत्ति छानबिनसम्बन्धी आयोगको प्रतिवेदन र मानवअधिकारसम्बन्धी प्रतिवेदन कार्यान्वयनलगायतका विषयमा पटक-पटक सदनमार्फत सरकारको ध्यानाकर्षण गराइए पनि कार्यान्वयन नगरिएको गुनासो गरे ।

नेकपा (एमाले) का सांसद लक्ष्मीप्रसाद पोखरेलले जेठ १७ गते प्रधानमन्त्रीले सदनमा दिएको आपत्तिजनक अभिव्यक्तिप्रति गम्भीर असहमति जनाए । सोही पार्टीका अर्का सांसद ऐन महरले सदनको गरिमा कायम राख्नु सांसद र सरकार दुवैको साझा दायित्व भएकामा जोड दिए । नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेशकुमार मल्लले प्रतिपक्षी दलले संसद्मा उठाएका प्रश्नको उचित सम्बोधन नभएकामा विरोध जनाए ।

श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले भूटानी शरणार्थीका माग र समस्याको उचित सम्बोधन गर्न सरकारसँग आग्रह गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद ताहिर अली भाटले पेट्रोलियम पदार्थको मूल्य घटाउन र उपभोक्तामाथि थप आर्थिक भार पर्न नदिन सरकारको ध्यानाकर्षण गराए ।

# प्रि–मनसुनमा ४५ वर्षयताकै बढी वर्षा

**काठमाडौं ।** नेपालमा यस वर्षको प्रि-मनसुन अवधिमा विगत ४५ वर्षयताकै सर्वाधिक वर्षा रेकर्ड भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार उक्त अवधिमा देशभर औसत ३३९.७७ मिलिमिटर वर्षा मापन गरिएको छ, जुन औसत २२६.३ मिलिमिटरको १४५ दशमलव ५ प्रतिशत हो । विभागका मौसमविद् सञ्जिव अधिकारीले प्रि-मनसुन समयमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायु सक्रिय हुनु तथा अत्यधिक गर्मीका कारण प्रि-मनसुनमा अत्याधिक वर्षा भएको जानकारी दिए ।

विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सन् २०२६ मा भएको ३३९.७७ मिलिमिटर वर्षा प्रि-मनसुन अवधिको सबैभन्दा बढी वर्षा हो । यसअघि सन् १९९० मा ३३१.४० मिलिमिटर वर्षा भई उच्च रेकर्ड कायम भएको थियो । तथ्याङ्कअनुसार सन् २००० मा ३२३ दशमलव १९ मिलिमिटर, सन् २०२१ मा ३१७.८८ मिलिमिटर र सन् २०२० मा ३१५.७८ मिलिमिटर वर्षा भएको थियो । यस वर्षको वर्षाले ती सबै रेकर्डलाई उछिनेको विभागले जनाएको छ ।

विभागका अनुसार प्रि-मनसुन अवधिमा औसतभन्दा उल्लेख्य बढी वर्षा हुनु जलवायु प्रणालीमा देखिएको परिवर्तनको सङ्केत हुन सक्छ । यस अवधिमा देशका विभिन्न क्षेत्रमा चट्याङ, हावाहुरी, असिना तथा भारी वर्षाका घटनासमेत बढेको देखिएको छ । विभागका अनुसार यस वर्षको प्रि-मनसुन वर्षा सन् १९९० यताकै मात्र नभई उपलब्ध अभिलेखमा सबैभन्दा उच्च रहेको रेकर्डका रूपमा दर्ता भएको छ ।

# पहाडी भूभागमा बादल, तराइमा तातो दिन

**काठमाडौं ।** हाल नेपालमा उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यूनचापीय रेखा, स्थानीय वायु तथा पूर्वीय वायुको समेत आंशिक प्रभाव छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार बुधबार-बिहीबार दिउँसो देशका हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्नेछ । यसैगरी मधेस, कोशी, बागमती र गण्डकी प्रदेशका तराई भूभागमा आंशिक बादल लाग्नेछ भने लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागमा मौसम मुख्यतया सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागका थोरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ । कोशी प्रदेशको तराईका थोरै स्थान तथा मधेस प्रदेशको पनि एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थानहरूमा तातो दिन हुने सम्भावना छ ।

त्यसैगरी, मंगलबार राति देशको हिमाली र पहाडी भूभाग साथै कोशी प्रदेशका तराई भूभागमा साधारणतया बादल तथा तराई भूभागमा मौसम मुख्यतया सफा रहने महाशाखाले जनाएको छ । कोशी र गण्डकी प्रदेशका हिमाली र पहाडी भूभागका थोरै स्थान तथा बागमती प्रदेशका हिमाली र पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ । कोशी प्रदेशको तराईका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेका महाशाखाले जनाएको छ ।

# सुकुम्बासीको उचित बन्दोबस्ती गर्न सांसदहरूको माग

**काठमाडौं ।** प्रतिनिधिसभाको आजको बैठकमा श्रम संस्कृति पार्टीका सांसद हर्कराज राईले नेपाल-भारत सीमाका सम्बन्धका प्रधानमन्त्रीले सदनमा दिएको अभिव्यक्तिका बारेमा प्रष्ट पार्न आग्रह गर्नुभएको छ ।

बैठकको सुरुमा सभामुखसँग समय लिएर सांसद राईले काठमाडौंका विभिन्न 'होल्डिङ सेन्टर'मा राखिएका सुकुम्बासीको उचित बन्दोबस्ती गर्न माग गरे । नेपाली कम्युनिस्ट पार्टीका सांसद गोपाल शर्माले नेपालको संविधानले सरकारलाई संसद्प्रति उत्तरदायी हुनुपर्ने उल्लेख गरेको जानकारी गराउँदै प्रधानमन्त्रीले सीमाका सम्बन्धमा दिएको धारणाका सम्बन्धमा 'रुलिङ' गर्न र संसद्मा नै आएर आफ्नो धारणा सच्याउन आग्रह गरे । सरकारका मन्त्रीहरूले नै विभिन्न स्थानमा गैरजिम्मेवार अभिव्यक्ति दिएको घटना सार्वजनिक भएको उल्लेख गर्दै गलत अभिव्यक्ति दिने मन्त्रीलाई जिम्मेवार बनाउनुपर्ने धारणा उनले राखे ।

नेकपा (एमाले) का सांसद कृपाराम रानाले लिपुलेक, कालापानी, लिम्पियाधुरा र सुस्तालगायतका स्थानमा नेपालको सीमा अतिक्रमण भएको उल्लेख गर्दै देशभन्दा माथि कोही पनि नरहेको धारणा राखे । सुकुम्बासीलाई राखिएको 'होल्डिङ सेन्टर' मा मानवोचित व्यवहार नभएको भनी सरकारको उनले ध्यानाकर्षण गराए । नेपाली कांग्रेसका सांसद चन्द्रमोहन यादवले प्रधानमन्त्रीले सदनमार्फत नेपाल र भारतको सीमाका सम्बन्धमा दिएको अभिव्यक्तिको आलोचना गर्दै त्यसलाई सच्याउनुपर्ने तर्क गरे । कुनै पनि पार्टीको सदस्य नरहने स्वतन्त्र भूमिकामा रहनुपर्ने सभामुखबाट सोहीअनुसार कामकाज हुने विश्वास व्यक्त गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग रहेको सम्बन्धको 'नाभी काट्न' सक्नुभएको छैन कि क्या हो भनी प्रश्न गरे ।

सांसद यादवको उक्त धारणाप्रति सत्तारुढ दल रास्वपाका सांसद गणेश कार्कीले नियमापत्ति गरे । लगत्तै सभामुख डोलप्रसाद अर्यालले सांसद यादवको अभिव्यक्तिका सम्बन्धमा आफ्नो ध्यानाकर्षण भएको बताए ।

# 'सुस्ता समस्या कूटनीतिक माध्यमबाट समाधान गरौं'

**काठमाडौं ।** राष्ट्रियसभाका सदस्यहरूले सोमबारको बैठकको आकस्मिक समयमा सुस्ता समस्या कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्नेमा जोड दिए । राष्ट्रियसभाको आजको बैठकमा आकस्मिक समयमा सांसद पदम परियारले नेपाल-भारत सीमासम्बन्धी सबै समस्याको समाधान कूटनीतिक माध्यमबाट खोज्न आग्रह गरे । सांसद रोशनी मेचेले सुस्ता क्षेत्रका स्थानीयले भोग्नुपरेको सास्तीबारे सरकारको ध्यानाकर्षण गराउँदै कूटनीतिक माध्यमबाट समस्याको दीर्घकालीन निकास खोज्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा सांसदहरू जयन्तीदेवी राईलगायतले इलाम, पाँचथर, झापामा उत्पादित चिया भारत निर्यातमा समस्या उत्पन्न भएपछि उद्योगहरू बन्द हुने अवस्था सिर्जना भएकाले त्यसतर्फ ध्यान दिन सदन र सरकारलाई अनुरोध गरे । उनीहरूले भने- 'भारतसँगको व्यापार सम्बन्धका विषयमा गम्भीर बहस हुनुपर्छ । किसानले उत्पादन गरेको चियाको बजार सुनिश्चित गर्न सरकारले वैकल्पिक व्यवस्था खोज्नुपर्छ ।'

# 'चिया निर्यात समस्या कूटनीतिक पहलबाट समाधान गर्नुपर्छ'

**काठमाडौं ।** राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले पूर्वी नेपालमा उत्पादन भइरहेको चिया भारततर्फ निर्यात गर्ने विषयमा देखिएको समस्या कूटनीतिक पहलबाट समाधान गर्न सुझाव दिएका छन् ।

बैठकको शून्य समयमा सांसदहरूले वन कर्मचारीमाथि भएको आक्रमण, सीमा सुरक्षा, कर प्रणाली, महिला सुरक्षा, चिया निर्यातलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् । बैठकमा सांसद गीता देवकोटाले कैलालीको गोदावरी नगरपालिका-४ मा डिभिजन वन कार्यालयका कर्मचारीलाई भीरबाट धकेलिएको घटनाप्रति गम्भीर आपत्ति जनाउँदै निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरिन् । सांसद रामकुमारी झाँक्रीले पनि उक्त घटनाको विरोध गर्दै दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरिन् ।

सांसद जगत तिमल्सेनाले करका दरमा गरिएको हेरफेरप्रति प्रश्न उठाउँदै त्यसबारे उचित छानबिन हुनुपर्ने धारणा राखे । सांसद धर्मेन्द्र पासवानले नेपाल सरकारलाई जानकारी नदिई भारतीय सुरक्षाकर्मी सुस्ता क्षेत्रमा प्रवेश गरेको र स्थानीयवासीको अवरोधपछि फर्किएको विषय उल्लेख गर्दै सीमा सुरक्षाका विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । सांसद मीना सिंह रखालले दैलेखमा गरिएको अन्वेषणबाट ठूलो परिमाणमा मिथेन ग्यास रहेको देखिए पनि त्यसको अध्ययन, उत्खनन र उपयोगका लागि सरकारी लगानी पर्याप्त नभएको बताइन् । सांसद रेखाकुमारी झाले भने आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटले आमजनतालाई उत्साहित बनाउन नसकेको टिप्पणी गरिन् ।

सांसद रोशनी मेचेले झापाको मेचीनगर क्षेत्रमा भारतबाट आएका जङ्गली हात्तीको आक्रमणका कारण स्थानीयवासी प्रभावित भएका उल्लेख गर्दै मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा प्रभावकारी पहल गर्न सरकारसँग माग गरिन् । सांसद वासुदेव घिमिरेले दाङस्थित राप्ती विज्ञान प्रतिष्ठानमा मिर्गौला रोग विशेषज्ञको व्यवस्था गर्नु आवश्यक रहेको बताए । सांसद सम्झना देवकोटाले गोरखाको ईश्वरी भुजेल हत्याकाण्डको प्रसङ्ग उल्लेख गर्दै महिला हिंसा नियन्त्रण र महिला सुरक्षाको प्रत्याभूति गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद सोमनाथ पौडेलले पूर्वी नेपालबाट भारत निर्यात हुँदै आएको चियामा भारतीय पक्षबाट अवरोध सिर्जना हुँदा चिया उद्योग सङ्कटमा परेको बताउँदै समस्या समाधानका लागि कूटनीतिक तथा प्रशासनिक पहल गर्न सरकारसँग आग्रह गरे ।

# गर्मी बढेसँगै बढे सर्पदंशका बिरामी

**जलेश्वर (महोत्तरी) ।** जिल्लाको सदरमुकाम जलेश्वरमा अवस्थित प्रादेशिक अस्पताल जलेश्वरमा सर्पले डसेका बिरामीको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ । प्रादेशिक अस्पताल जलेश्वरका आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी रामउदित यादवका अनुसार अहिले यस अस्पतालमा दैनिक रूपमा पाँच जनासम्म सर्पले डसेका बिरामी उपचारका लागि आउने गरेका छन् ।

जिल्लामा केही दिनदेखि अत्यधिक गर्मीका कारण विषरहित विभिन्न तथा विषालु प्रजातिका सर्पले हिँडिरहेका तथा खेतबारी काम गर्न पुगेका व्यक्तिलाई डस्ने क्रम बढ्दो छ । उपचारका लागि अस्पतालमा पुगेमध्ये बढी बिरामी विषरहित सर्पले टोकेको तथा केही मात्रै विषालु सर्पले टोकेको बिरामी आउने गरेको उनले जानकारी दिए । महोत्तरीमा विषरहित ढोरिया र हरहरा तथा विषालु सबैभन्दा बढी करेत र गोमन सर्पहरू बढी पाइने गरेको छ ।

वैशाख महिनामा मात्रै २३ जना सर्पले डसेका बिरामी उपचारका लागि अस्पताल पुगेकामा जेठमा त्यो सङ्ख्या बढेर ५६ जना पुगेको छ । महोत्तरीका १० वटै नगरपालिका र पाँच गाउँपालिकामा गर्मीयाममा सर्पको जोखिम रहेको छ । अस्पतालमा सीमापारि भारतको विभिन्न ठाउँठाउँबाट पनि बिरामी उपचारको लागि आउने गरेको अस्पतालले जनाएकोछ । अस्पताल प्रशासनका अनुसार सर्पले डसेको बिरामीलाई दिइने एन्टिभेनम (औषधि) पर्याप्त मात्रामा रहकाले उपचारमा समस्या भने रहेको छैन । अस्पतालमा आईसीयू कक्ष नरहेकाले विषालु सर्पले डसेर आउने उच्च जोखिमका बिरामीलाई थप उपचार गर्न अन्य अस्पतालबाट रेफर गर्नुपर्ने बाध्यता छ ।

# कानुन पुस्तकालय खारेज नगर्न आग्रह

**काठमाडौं ।** कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनले केन्द्रीय कानुन पुस्तकालय न्यायका क्षेत्रमा खोज, अनुसन्धान गर्ने स्थान भएकाले खारेज वा गाभ्ने काम नगर्न सरोकारवाला निकायलाई आग्रह गरेको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले जारी गरेको प्रेस विज्ञप्तिमा २०५० सालमा स्थापना भएको उक्त ऐतिहासिक पुस्तकालयले न्यायका क्षेत्रमा खोज, अनुसन्धान गर्ने तथा अन्य सेवाग्राहीलाई सेवा प्रदान गर्दै आइरहेको हुँदा खारेज वा गाभ्ने काम नगर्न सरोकार भएका निकायलाई आग्रह गरिएको छ ।

## परराष्ट्रमन्त्रीको...

छ।' पारस्परिक सम्मान तथा एक-अर्काका प्राथमिकता एवं संवेदनशीलताप्रति रहिआएको प्रतिबद्धता दोहोऱ्याउँदै दुई पक्षबीच पूर्वाधार, कनेक्टिभिटी, सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि तथा डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धलगायत विविध क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भएको समेत विज्ञप्तिमा उल्लेख छ। विगतमा सहमति भएका द्विपक्षीय कार्यक्रम तथा परियोजनाहरूको शीघ्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै बहुपक्षीय एवं क्षेत्रीय मञ्चहरूमा साझा हितका विषयमा सहकार्य अघि बढाउने कुरामा जोड दिइएको समेत मन्त्रालयले उल्लेख गरेको छ।

नेपाली परराष्ट्रमन्त्रीको चीन भ्रमणको सिलसिलामा मन्त्री खनाल र चिनियाँ कम्युनिस्ट पार्टी, केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागका प्रमुख लिउ हाइसिङबीच समेत भेटवार्ता भयो। उक्त भेटवार्तामा नेपाल-चीन सम्बन्ध सुदृढीकरण एवं द्विपक्षीय सहयोग विस्तार गर्ने बारेमा विचार आदानप्रदान हुनुका साथै दलहरूबीच सम्पर्क र सहकार्य विस्तार गर्ने सम्भावनाबारे समेत छलफल भएको मन्त्रालयले जनाएको छ। सो भेटवार्तापछि चिनिया विदेशमन्त्री वाङले आयोजना गरेको रात्रिभोजमा मन्त्री खनालसहितको नेपाली टोली सहभागी भएको थियो।

भ्रमणकै दौरान मंगलबार मन्त्री खनाल र चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङबीच पनि भेटवार्ता भएको मन्त्रालयले जनाएको छ। सो अवसरमा नेपाल-चीनबीच रहँदै आएको सुमधुर, मैत्रीपूर्ण एवं सहयोगात्मक सम्बन्धलाई आगामी दिनमा थप सुदृढ तुल्याउनुका साथै प्राथमिकताका क्षेत्रमा सहकार्य प्रबर्द्धन गर्नेबारे विचार-विमर्श भएको विज्ञप्तिमा उल्लेख छ। नेपालमा चिनियाँ लगानी प्रबर्द्धन गर्ने उद्देश्यले मंगलबार साँझ बेइजिङस्थित नेपाली राजदूतावासद्वारा आयोजना गरिएको लगानी सम्मेलनमा समेत मन्त्री खनाल सहभागी भएको विज्ञप्तिमा उल्लेख छ। त्यस क्रममा परराष्ट्रमन्त्री खनालसँग चिनियाँ व्यवसायी, उद्यमी र लगानीकर्ताहरूको भेटवार्ता भएको थियो। त्यस अवसरमा नेपाल लगानी बोर्डका प्रतिनिधिबाट प्रस्तुतीकरण भई सहभागीहरूबीच विस्तृत अन्तर्क्रिया समेत भयो। यस क्रममा प्रस्तोताले नेपालमा विद्यमान आर्थिक सम्भावना र जनसांख्यिक सामर्थ्यबारे प्रकाश पार्दै लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न नेपाल सरकार प्रतिबद्ध रहेको अवगत गराएका थिए।

'भ्रमणको अवधिमा नेपाली राजदूतावास बेइजिङद्वारा आयोजित स्वागत समारोहमा सहभागी भई उहाँले चीनमा रहेका नेपाली समुदायका प्रतिनिधिहरूसँग समेत भेटघाट र अन्तर्क्रिया गर्नुभएको थियो। उहाँहरूलाई सुशासन, आर्थिक विकास तथा समृद्धिलाई संस्थागत गर्ने नेपाल सरकारको प्राथमिकताका बारेमा अवगत गराउँदै राष्ट्र निर्माणको अभियानमा सक्रिय रूपमा सहभागी हुन मन्त्री खनालले आह्वान गर्नुभएको थियो'- मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। दूतावासमा आयोजित नेपाली, चिनियाँ तथा अन्तर्राष्ट्रिय मिडियासँगका छुट्टाछुट्टै भेटमा नेपालको परराष्ट्र नीति, नेपाल-चीन सम्बन्ध, नवगठित नेपाल सरकारका प्राथमिकता तथा अन्तर्राष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे समेत मन्त्री खनालले जानकारी गराएको पनि विज्ञप्तिमा जनाइएको छ।

भ्रमणको क्रममा मन्त्री खनालले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन समेत गरे। नेपालका राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको उक्त सांस्कृतिक धरोहर नेपाल-चीनबीच विद्यमान बहुआयामिक सांस्कृतिक र जनस्तरको सम्बन्धको प्रतीकका रूपमा रहेको छ। उक्त धरोहर नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली शिल्पकर्मीहरूको अन्तर्राष्ट्रिय पहिचान तथा नेपाली वास्तुकलाको उदाहरणका रूपमा समेत रहिआएको छ। बेइजिङस्थित 'चाइनिज एकेडेमी अफ साइन्स' को 'इन्स्टिच्युट अफ टिबेटियन प्लाटो रिसर्च' को भ्रमण गरेर मन्त्री खनालले उक्त संस्थाका गतिविधिहरू तथा त्रिभुवन विश्वविद्यालय सहितका नेपाली संस्थाहरूसँग भइरहेको सहकार्यबारे समेत जानकारी लिए। उनले सो संस्थाका उच्च पदाधिकारीहरूसँगको अन्तर्क्रियामा विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपाल-चीनबीचको सहकार्यलाई अझ गहिरो र फलदायी बनाउनुपर्ने आवश्यकतामा जोड दिए।

बेइजिङस्थित चीनको पहिलो 'हाइ-टेक' तथा 'नेसनल इन्नोभेसन डेमोन्स्ट्रेसन जोन' का रूपमा रहेको झोङ्ग्वानछुन विज्ञान पार्कको समेत मन्त्री खनालले अवलोकन गरे। त्यहाँको क्रियाकलाप तथा प्राथमिकताका बारेमा उनले जानकारी हासिल गरे। भ्रमणका क्रममा चिनियाँ विदेशमन्त्री र उच्च पदाधिकारीहरूसँग भएको भेटघाट एवं अन्य कार्यक्रमहरूमा मन्त्री खनालको सहभागिताबाट मैत्रीपूर्ण र बहुआयामिक नेपाल-चीन सम्बन्धलाई थप सुदृढ तुल्याई आपसी हितका विषयमा निरन्तर सहयोग विस्तार तथा सुदृढीकरण गर्ने कार्यमा उल्लेखनीय योगदान पुऱ्याएको मन्त्रालयको भनाइ छ। छिमेकीलगायत सबै मित्रराष्ट्रसँग स्वतन्त्र, व्यावहारिक एवं सहयोगात्मक सम्बन्ध विस्तार गर्दै आर्थिक तथा विकास कूटनीति प्रबर्द्धन गर्ने नेपाल सरकारको उद्देश्य हासिल गर्ने दिशामा यो भ्रमणले महत्त्वपूर्ण सहयोग पुऱ्याएको विश्वास मन्त्रालयले लिएको छ। भ्रमणदलमा परराष्ट्र मन्त्रालय तथा नेपाली राजदूतावास बेइजिङका पदाधिकारीहरू सहभागी थिए।


## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं !

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगको लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

**सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# बेपत्ता पारिएका व्यक्तिको खोजी र न्यायमा जोड

**काठमाडौं ।** शान्ति सम्झौतामार्फत दसवर्षे सशस्त्र जनयुद्ध 'अन्त्य' भएको दुई दशक पुग्दा पनि जनयुद्धको सिलसिलामा बेपत्ता पारिएका व्यक्तिको सत्यतथ्य सार्वजनिक गर्ने र पीडित परिवारलाई न्याय दिलाउने कार्य अधुरै रहेकामा सरोकारवालाले दुःख प्रकट गरेका छन्। बेपत्ता पारिएका व्यक्तिको खोजी र न्यायका लागि सम्बद्ध सबै पक्षबीच गम्भीरता र प्रभावकारी समन्वयको खाँचो रहेको पीडित परिवारजन एवम् शान्ति र न्यायप्रेमी नागरिकहरूको भनाइ छ।

राज्यका सुरक्षाकर्मीले २०५९ असार ३ मा काठमाडौंबाटै पक्राउ गरी हालसम्म बेपत्ता पारिएका विपिन भण्डारी (सुप्रसिद्ध वरिष्ठ अधिवक्ता एकराज भण्डारीका एक मात्र सुपुत्र) को स्मृतिमा आयोजित कार्यक्रमका वक्ताहरूले जनयुद्धकालमा बेपत्ता पारिएका व्यक्तिको खोजी र न्यायलाई उच्च प्राथमिकतामा राखेर सम्बोधन गर्नुपर्ने बताएका हुन्। तत्कालीन विद्रोही नेकपा (माओवादी) निकट विद्यार्थी संगठनका नेता २१ वर्षीय (बेपत्ता पारिँदाका बेला) भण्डारीसहित दिलबहादुर राई, रामहरि रूपाखेती, कृष्णबहादुर बस्नेत र देवराज पौडेललगायत अहिलेसम्म पनि बेपत्ता नै रहेका छन्। जनयुद्धको समयमा राज्य पक्षबाट बेपत्ता बनाइएका १ हजार ३ सय जनाको अवस्था अझैसम्म सार्वजनिक भएको छैन।

कार्यक्रममा बोल्दै विपिनका पिता तथा संवैधानिक कानुनका ज्ञाता वरिष्ठ अधिवक्ता एकराज भण्डारीले बेपत्ता पारिएका व्यक्तिका परिवारलाई राज्य र हालसम्मका सवैजसो सरकारले निरन्तर उपेक्षा गरेकामा गहिरो दुःख प्रकट गरे। पीडित परिवारले भोगेका पीडा, दुःख र अनुभवलाई राज्यले कहिल्यै गम्भीर रूपमा नबुझेको, बुझ्नै नचाहेको र स्वीकार नगरेकोमा उनले आपत्ति जनाए। नेपाल कम्युनिस्ट पार्टीकी वरिष्ठ नेतृ पम्फा भुसालले बाँकी रहेका द्वन्द्वकालीन विषय समाधानका लागि राजनीतिक संवाद र वामपन्थी शक्तिबीच एकता आवश्यक रहेकोमा जोड दिइन्।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का नेता एवम् सुप्रसिद्ध जनकलाकार माइला लामाले जनयुद्धका सहिद, बेपत्ता र घाइते योद्धा एवम् पीडित परिवारजनको त्याग र बलिदानलाई अवमूल्यन गर्ने प्रयास भइरहेकामा आपत्ति जनाए। यस्तो अत्याचार, कृतघ्नता र अपमान कायम रहे आम असन्तुष्टि र अशान्ति बढ्ने चेतावनी उनले दिए। बेपत्ता पारिएका व्यक्तिको खोजी र न्याय निरूपणको माम तत्काल गरिहाल्न लामाले सरोकारवालाहरूमा आग्रह गरे। नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का नेता उदयबहादुर चलाउने 'दीपक' ले कार्यक्रमलाई सम्बोधन गर्दै शान्ति सम्झौताले नयाँ राजनीतिक तथा सांस्कृतिक रूपान्तरणको आशा जगाएको भए पनि ती अपेक्षाहरू पूरा हुन नसकेको चर्चा गरे। जनयुद्धमार्फत आम राजनीतिक-सामाजिक रूपान्तरणमा योगदान दिएका व्यक्तिहरूको भूमिका र बलिदानलाई सम्मान र स्थापित गर्नुपर्नेमा उल्टै अपमानित गर्ने र विस्मृतिमा धकेल्ने हर्कत भइरहेकामा उनले आपत्ति जनाए। सोही कार्यक्रममा बोल्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सचिव ध्रुवकुमार चौहानले बेपत्ता पारिएका व्यक्तिसम्बन्धमा सत्य र न्याय स्थापनाका लागि सरोकारवाला पक्षहरूबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताए।

# प्रधानमन्त्रीको 'राष्ट्रघाती' अभिव्यक्तिप्रति संसदमा विरोध

**काठमाडौं ।** सीमानाका सम्बन्धमा प्रधानमन्त्री वालेन्द्र शाहले दिएको 'राष्ट्रघाती' अभिव्यक्तिलाई संसदको रेकर्डबाट हटाउनुपर्ने माग गर्दै विपक्षी दलहरूले बुधबारको प्रतिनिधिसभा बैठकमा पनि चर्को विरोध जनाए।

विपक्षी सांसदहरूले प्रधानमन्त्री शाहको अभिव्यक्तिका सम्बन्धमा तीव्र विरोध गर्दै संसद चल्नै नदिने अवस्था सिर्जना भएपछि सभामुख डोलप्रसाद अर्यालले श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईलाई बोल्न समय दिए। प्रधानमन्त्री शाहले सीमासम्बन्धमा दिएको 'आपत्तिजनक' अभिव्यक्तिबारे कर्तव्यबोध गर्दै सांसदका प्रश्नको जवाफ दिनुपर्नेमा अध्यक्ष राईले जोड दिए। प्रधानमन्त्रीको निर्देशनमा सुकुम्बासीको बस्तीमा डोजर चलाएर बेघर बनाएको र होल्डिङ सेन्टरमा खाना तथा पानी समेतको अभाव भएकोप्रति पनि उनले सरकारको ध्यानाकर्षण गराउँदै छिटोभन्दा छिटो सुकुम्बासीको व्यवस्थापन गर्न समेत माग गरे।

यसैगरी, कांग्रेसका सांसद अर्जुननरसिंह केसीले कीर्तिपुरको होल्डिङ सेनटरमाा सुकुम्बासीहरूले खाना नपाएको विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए। बुधबार प्रतिनिधिसभा बैठकको शून्य समयमा बोल्दै सांसद केसीले ठाउँ-ठाउँमा सुकुम्बासीहरू भोकभोकै बस्नुपरेको र बालबालिकहरू विद्यालय जान नपाएको विषयले सरकारको साहसिक कदम दुस्साहसीक रूपमा परिणत भएको बताए।

'कीर्तिपुरको होल्डिङ सेन्टरमा अस्ती मात्रै भएको घटना त्यो अत्यन्त दुःखद मात्रै होइन' उनले भने 'यी घटनाक्रमले सरकारको साहसिक कदम दुस्साहसिक रूपमा परिणत भएको छ।' इन्द्रबहादुर राई बागमतीमा हामफालेर, १७ वर्षीय रविन तामाङ झुन्डिएर, शान्तिनगरमा रवि तामाङकी श्रीमती डोजर आतंकले गरेर हर्टफेल भएर बितेको र कीर्तिपुरमा भोजराज दर्जीको मृत्यु भएको घटनाले पनि सरकारको कदमप्रति प्रश्न उठेको उनको भनाइ थियो। 'यसरी व्यापक रूपमा आतंकित अवस्था सिर्जना गरिएको छ। एम्नेस्टी इन्टरनेशनल, ह्युमन राइट्स र नेपालका माधवअधिकारवादीहरूले पनि गम्भीर रूपमा प्रश्न उठाएका छन्' बैठकको शून्य समयमा उनले भने 'यसतर्फ सरकारले गम्भीर हुन जरुरी छ।'

बैठकमा कांग्रेसका अर्का सांसद चन्द्रमोहन यादवले सीमा विवादबारे प्रधानमन्त्री बालेनको विवादित अभिव्यक्तिउपर रूलिङ नगरेको भन्दै सभामुख अर्यालमाथि प्रश्न गर्दै भने 'स्वयम सभामुख महोदयसँग एउटा प्रश्न छ। सभामुख महोदय, हाम्रो गरिमामय जो सामुन्ने कुर्सीमा बस्नुभन्दा पहिला एउटा पार्टीसँग सम्बन्धित हुनुहुन्थ्यो, के सभामुख महोदय अहिलेसम्म त्यो पहिलेको रास्वपा पार्टी थियो।' सांसद यादवले थपे 'यहाँको त्यो सँगको नाभी काट्न सक्नुभएको छैन कि क्या हो ?'

प्रतिपक्षी दल कांग्रेसका सांसद यादवको यो अभिव्यक्तिलाई लिएर सत्तारुढ दल रास्वपाका सांसद गणेश कार्कीले नियमापत्ति जनाए।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं